अक्टोबर ८, २०१८

सोन्जा डेरकुम
प्रमुख, उजुरी सुन्ने निकाय
युरोपियन इन्भेष्टमेन्ट बैंक
९८–१००, बुलभर्ड कोनरेड अदेनाउएर
एल–२९५०, लग्जम्बर्क
इमेल : s.derkum@eib.org

अल्फ्रेडो अबाद
उपनिर्देशक, उजुरी सुन्ने निकाय
युरोपियन इन्भेष्टमेन्ट बैंक
९८–१००, बुलभर्ड कोनरेड अदेनाउएर
एल–२९५०, लग्जम्बर्क
इमेलःa.abad@eib.org

इमेलमार्फत प्रेषित

विषय : उजुरी तथा नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजनाका विषयमा मध्यस्थताको लागि अनुरोध (खासगरी २२० के.भी. मर्स्याङदी कोरिडोर विद्युत प्रशारण लाइन)
युरोपियन इन्भेष्टमेन्ट बैंक परियोजना : २०१३-०५९९

प्रिय मिस डेरकुम र सर अबाद ज्यू,

हामी, स्वतन्त्र पुर्व शुसुचित जानकारीसहितको मञ्जुरी (एफपिक) तथा अधिकार मञ्च (एफपिक तथा अधिकार मञ्च), लम्जुङ युरोपियन इन्भेष्टमेन्ट बैंक (इआइबि) को लगानीमा निर्माणाधिन २२० के.भी. मर्स्याङदी कोरिडोर उच्च भोल्टेज विद्युत प्रशारण लाईन (छोटकरीमा २२० के.भी. मर्स्याङदी कोरिडोर भनिने छ) र त्यस क्षेत्रमा निर्माणाधिन अन्य जलविद्युत विकासका कार्यमा मध्यस्थताका लागि अनुरोध गर्दै उजुरी सुन्ने निकायमा यो निवेदन पेश गरेका छौं ।

२२० के.भी. मर्स्याङदी कोरिडोर युरोपियन इन्भेष्टमेन्ट बैंकको लगानीमा निर्माणधिन नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजना हो । नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजना त्यसक्षेत्रमा निर्माणधिन जलविद्युत परियोजनाको साथै काठमाडौं र भारतमा विद्युत प्रशारणको लागि आवश्यक तथा महत्वपुर्ण परियोजना हो । एफपिक तथा अधिकार मञ्च, गलत तरिकाले निर्माणाधिन, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र अन्या विद्युत आयोजनाहरुबाट प्रभावित लमजुङ जिल्लाका आदिवासी र स्थानीय समुदायको सामुहिक समुह हो ।

उजुरी सुन्ने संयन्त्रसंग हाम्रो माग भनेको मध्यस्थता हो । यदि संयुत्त मध्यस्थता पहल गर्न नसकिएको खण्डामा अथार्त हाम्रा सवालहरुको संवोधन गर्न नसकिएको खण्डमा उजुरी सुन्ने संयन्त्रले अनुसन्धान कार्यलाई अगाडी वढाउनु पर्ने छ । हामी मध्यस्थताको प्रकृयालाई छिटो भन्दा छिटो अगाडी बढाउन आग्रह गर्दछौ । २२० केभि प्रशारण लाईनको
निर्माण कार्य चाडै सुरु हुनेवाला छ र कतिपय ठाउमा सुरु भईसकेको छ । परियोजनाले प्रभावित समुदायहरुलाई अपुरणीय क्षति पुराउनेवाला छ । यसका साथै विद्युतको तार हिड्नेबाटोको सम्वन्धमा हामीले हाम्रो कुरा राख्नु पर्ने छ ।

यो उजुरीको पहिलो भागले विशेषगरी नेपाल उर्जा प्रणाली विस्तार परियोजना, २२० के.भी. मर्स्याङदी कोरिडोर र एफपिक तथा अधिकार मञ्चको बारेमा जानकारी दिनेछ । त्यसपछि नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजना कार्यान्वयनको चरणमा वातावरणीय तथा सामाजिक क्षतिको सम्बोधनका लागि युरोपियन इन्भेष्टमेन्ट बैंकलाई अनुरोध गरिएको छ । यस क्रममा, हामी उजुरी सुन्ने निकायलाई मध्यस्थताको भुमिका खेलि प्रभावित समुदाय, लगानीकर्ता, सरकारी निकाय र नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासम्बन्धी निर्णय गर्ने व्यक्तिहरु, प्रबर्द्धकहरुका साथै त्यसक्षेत्रमा संचालित अन्य जलविद्युत परियोजना सम्मिलित सर्वोपक्षिय वार्ताका लागि मध्यस्थताको लागि अनुरोध गर्दछौ ।

उजुरीमा सवैभन्दा वढी नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजना र विशेषगरी २२० के.भी. मर्स्याङदी कोरिडोर र त्यसक्षेत्रमा संचालित अन्य जलविद्युत परियोजनाले पारेको र पार्न सक्ने प्रभावका बारेमा समुदायका दृष्ट्रिकोण समेटिएको छ। साथै कसरी नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजनाले युरोपियन इन्भेष्टमेन्ट बैंकको मापदण्डहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरु लागु गर्न असफल भएको सम्बन्धमा व्याख्या गरिएको छ। उजुरीले परियोजना संचालक र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग समुदायले उठान गरेको विषयहरु समेत जानकारी गराउछ।
अन्त्यमा उजुरी सुन्ने निकाय तथा युरोपियन इन्भेष्टमेन्ट बैंकसमक्ष उजुरी दर्ता गरेको कारण समुदायसँग प्रतिशोध नलिने कुरा विस्वस्त पार्न अनुरोध गर्दछ। साथै युरोपियन इन्भेष्टमेन्ट बैंकलाई केही महत्वपुर्ण सुझाव दिनुको साथै विभिन्न चरणमा सूचना आदानप्रदान गर्ने प्रक्रियाबारेमा केही प्रशासनिक सर्न्दभहरुको उल्लेखसँगै उजुरी टुंगिन्छ।
कृपय ध्यान दिनु होला

१. अंग्रेजी हाम्रो भाषा होईन, अद्यपि हामीले अंग्रेजी र नेपाली भाषामा उजुरी बुझाएका छौ । तपाईलाई थाहा छ, युरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक मापदण्डहरु र उजुरी सुन्ने निकायको अहिलेको नीति र प्रक्रियाअनुरुप अंग्रेजी र केही अन्य यूरोपियन भाषाहरुमा उजुरी गर्न पाइनेछ, तर हाम्रो नेपाली भाषामा भने पाइदैन। नेपाली र अंग्रेजी भाषामा बुझाइएको उजुरीमा युरोपियन इन्भेष्टमेन्ट बैंक र उजुरी सुन्ने निकायले प्रयोग गरेको टर्मिनोलोजीहरुको एकरुपताको सन्दर्भमा केही फरक पर्न गएको खण्डमा अंग्रेजी भाषाको उजुरीलाई प्रमुख आधार मानीदिनुहोला।

२. उजुरीको यो मस्यौदालाई हामीले उजुरी सुन्ने निकायको सिद्धान्तहरु, करारनामा र प्रक्रियागत नियमहरुको आधारमा तयार पारेका छौँ (अक्टुबर ३१, २०१२, यसपछि उजुरी सुन्ने निकायको हालको नीति भनिनेछ) र कार्यात्मक प्रक्रियाहरु (अगष्ट २०१३, यसपछि उजुरी सुन्ने निकायको हालको प्रक्रियाहरु भनिनेछ)। हामी आशा गर्छौ, जब हाम्रो उजुरी तपाईसमक्ष पुग्नेछ, त्यसलगत्तै उजुरी सुन्ने निकायको हालको नीति र प्रक्रियाअन्तर्गत कार्यान्वयनमा जानेछ। कार्यान्वयनको सुनिश्चितताको लागि युरोपियन इन्भेष्टमेन्ट बैंकको बोर्ड अफ डिरेक्टर्सले कुनै नयाँ नीति र प्रक्रिया अपनाउनु वा छलफल गर्नुपहिले हामी आफ्नो उजुरीलाई विद्युतीय माध्यमबाट सम्प्रेषण गर्दैछौं। उजुरी सुन्ने निकायसमक्ष इमेलमार्फत् हाम्रो उजुरी तत्काल पुग्नेछ भन्ने हामी आशा गर्छौ। हामी बुझ्छौं, युरोपियन इन्भेष्टमेन्ट बैंक अहिले उजुरी सुन्ने निकायको नीति र प्रक्रियासम्बन्धी सार्वजनिक परामर्शको चरणमा रहेको छ । र, युरोपियन इन्भेष्टमेन्ट बैंकको बोर्ड अफ डाइरेक्टर्सले अक्टोबर ९, २०१८ मा नयाँ नीति र प्रक्रियाहरुबारे छलफल गरेर त्यसको अवलम्बन गरिसकेको हुनसक्छ।

३. गैरअनुपालन, प्रशासनिक दुर्व्यवहार, र/वा हाम्रा मागसम्बन्धी अतिरिक्त सामग्री उपलब्ध गराउने अधिकार हामी आरक्षित गरेर राख्दछौँ ।

# Contents

*१. परियोजना बारे* ........ *1*

**क. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको उद्देस्य** ........ **1**

**ख. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका अवयवहरु** ........ **2**

अ प्रशारण प्रणालीको विस्तार ........ 2

आ विभिन्न ठाउँमा अवस्थित grid सेवा सवस्टेशनहरु निर्माण र/वा प्रतिस्थापन ........ 2

**ग. २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन बारे ।** ........ **2**

अ.२२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईनको उदीपुर-भरतपुर खण्ड ........ 2

आ. २२० के.भि. मर्स्याङदी कोरिडोरको घलेचोक-उदीपुर खण्ड ........ 3

*२. एफपिक र अधिकार मञ्च* ........ *3*

*३. वातावरणीय र सामाजिक मामिलामा यूरोपियन इन्भेष्टमेन्ट बैंकको संलग्नता* ........ *3*

*४. तत्कालै हुनुपर्ने मध्यस्थताको लागि अनुरोध* ........ *4*

*५. समुदायको दृष्टिकोण* ........ *6*

**क.लमजुङ जिल्ला र आसपासका क्षेत्रमा जलविद्युत निर्माण विकाससम्बन्धी सर्वपक्षिय मुल्यांकनको आवश्यकता** ........ **7**

अ. प्रभावहरुको मूल्याङ्कन गरिदा खण्डित परियोजनाको स्थगन ........ 8

आ. १३२ के.भि. भुल्भुले मध्य-मर्स्याङदी प्रशारण लाईनको खराब अनुभवबारे सोच्नुपर्ने ........ 9

इ. श्रृंखलावद्ध धेरै परियोजनाले पार्ने संचयी प्रभाव मूल्याङ्कनको आवश्यकता ........ 12

ई. रणनीतिक वातावरणीय प्रभाव मुल्यांकनको आवश्यकता ........ 13

५. अबको बाटो ........ 15

**ख. परियोजनाले अन्तर्राष्ट्रिय र घरेलु कानून र अभ्यासहरु अपनाउन असफल भएकोप्रति समुदायहरुको सरोकार** ........ **15**

अ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना, विशेषगरी २२० के.भि. मर्स्याङदी कोरिडोरमा उल्लेखित वातावरणीय र सामाजिक दस्तावेजीकरणमा भएको कमजोरी ........ 15

आ. परियोजनाबारे परामर्श र त्यसका असरहरु र पर्याप्त सूचनाहरुको सम्प्रेषण/खुलासाको अभाव ........ 18

आ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको सूचनाको हकको उल्लंघन .................... 19

इ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको भाषाको हकको उल्लंघन....................... 20

ई. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लंघन .... 21

उ. सर्वोच्च अदालतले समुदायको पक्षमा गरेको महत्वपूर्ण फैसला......................................... 21

ऊ. अबको बाटो ................................................................................................. 22

३. परियोजनाबाट प्रभावित स्थानीय समुदाय विशेषगरी आदिवासीहरुसँग स्वतन्त्र, पुर्वसुचित जानकारीसहितको मञ्जुरी कायम नगरिएको ................................................................................ 23

४. भूमि अधिग्रहण र त्यसको उपभोगमा प्रतिबन्धले सिर्जित आर्थिक विस्थापन............................. 26

ङ. प्रशारण लाईन अधिकारक्षेत्रमा भइरहेको बलजफ्ती विस्थापन ......................................... 29

५. सामुदायिक स्रोतसाधनहरु, विद्यालय, मन्दिर र पवित्र स्थलहरुलगायतमा परेको प्रभावहरु ................ 32

६.बढ्दो प्रकाश र तारहरुका कारण करेन्ट लाग्ने र चट्याङको डर......................................... 33

७. वातावरणीय प्रभावहरु ..................................................................................... 33

८. दृश्य प्रभावहरु ................................................................................................ 35

९. ध्वनी प्रभावहरु................................................................................................ 35

११. विद्युतीय-चुम्बकीय रेडियसनले मानव, वनस्पति र प्राणीहरुमापार्ने प्रभावहरुको डर.................... 35

१२. निर्माणाधीन अवस्थामा हुने असरहरु .................................................................. 36

१३. बाह्य कामदारको प्रयोगसम्बन्धि सामाजिक सवालहरु.................................................. 36

१४. लैंगिकतासम्बन्धी असरहरु ............................................................................. 36

१५. प्रभावित समुदायहरुका लागि चालिएका कदमहरु...................................................... 38

**७. प्रतिशोध नलिइने ........................................................................ 39**

**८. यूरोपियन इन्भेष्टमेन्ट बैंकद्वारा अनुरोध गरिएका समाधानहरु.................................. 40**

**९. सम्पर्क र सल्लाहको लागि विस्तृत जानकारी ......................................................... 41**

# १. परियोजना बारे

सन् २०१५ अप्रिलमा, युरोपियन इन्भेष्टमेन्ट बैंकले करिव ९ करोड ५० लाख युरो नेपाल सरकारलाई लगानी गरिदिने प्रतिवद्धता गरेको छ । युरोपियन इन्भेष्टमेन्ट बैंकको लगानी नेपाल विद्युत प्राधिकरणलाई मर्स्याङदी र कालीगण्डकी कोरिडोर प्रशारण लाईन निर्माणको लागि हो । यि दुवै मर्स्याङदी र कालीगण्डकी कोरिडोर प्रशारण लाईन नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना अर्न्तगत पर्दछ। यो परियोजनामा दक्षिण एसिया उपक्षेत्रिय आर्थिक सहयोग कार्यक्रम र दक्षिण यसिया उपक्षेत्रिय आर्थिक सहयोग कार्यक्रमका लागि विद्युत प्रणाली विस्तार परियोजना अर्न्तगत यसियाली विकाश वैंकले समेत लगानी गरेको छ।

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना युरोपियन इन्भेष्टमेन्ट बैंकको संचालक समितिले स्विकृत गरि सकेको छ । त्यसैगरी युरोपियन इन्भेष्टमैन्ट बैंक र नेपाल सरकारसँग विच ऋण सम्झौतामा हस्ताक्षर समेत भइसकेको छ । युरोपियन इन्भेष्टमेन्ट बैंकको अनुसार नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको सवै गतिविधीहरु कार्यान्वयनका विभिन्न चरणमा रहेको, केही शुरु हुनबाँकी र केही निर्माणाधिन चरणमा रहेको जनाएको छ।

युरोपियन इन्भेष्टमेन्ट बैंकको व्यवस्थापन समितिले संचालक समितिमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनालाई लगानीका लागि पेश गरि स्विकृतिको चरणमा रहेको प्रस्तावमा उल्लेख गरेअनुसार एसियाली विकास वैंक र नर्वेजियन विकास सहायता नियोगले पनि संयुक्तरुपमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनामा लगानी गरेका छन्।

युरोपियन इन्भेष्टमेन्ट बैंकको अनुसार एसियाली विकाश बैंक र नर्वेजियन विकास सहायता नियोगले पनि संयुक्तरुपमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनामा लगानी गर्दैछन् भन्ने युरोपियन इन्भेष्टमेन्ट बैंकको वुझाई छ तर तिनको लागनी र संलग्नता कति छ भन्ने कुरा स्पस्ट भन्न भने युरोपियन इन्भेष्टमेन्ट बैंक असक्षम छ । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका साथै त्यसक्षेत्रमा संचालित यसै परियोजनासँग सम्बन्धीत अन्य जलविद्युत निर्माण परियोजनामा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक लगानीका साथै नीजि र सार्वजानिक लगानीका साथै चिनिया र वर्ल्ड बैंक आदिको समेत लगानी रहेको छ।

## क. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको उद्देस्य

युरोपियन इन्भेष्टमेन्ट बैंकको व्यवस्थापन समितिले संचालक समितिमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनालाई लगानीका लागि पेश गरिको प्रस्तावका अनुसार,

“परियोजनामा राष्ट्रिय विद्युत प्रशारण लाईनमा प्राथमिकताका साथ लगानी गर्नुपर्ने उल्लेख गरिएको छ। यसका साथै ७ वटा नयाँ उच्च भोल्टेज विद्युत प्रशारण लाईन निर्माण गर्ने र त्यससँग सम्बन्धीत सबस्टेशनहरु, भएका सबस्टेशनहरुको स्तरोन्नती गर्ने र विस्तार गर्ने समेत भनिएको छ। परियोजनाले पश्चिमाञ्चल विकास क्षेत्रमा निर्माणधिन नयाँ जलविद्युत केन्द्रीय प्रशारण लाईनमा जोडि देशभर भएको विद्युतको मागको सम्बोधन गर्ने उल्लेख गरिएको छ । यस्ले नेपालको उर्जा संकट, विशेषगरी हिउँदको बेला हुने लोडसेडिङ घटाउन मद्दत गर्नेछ । यो परियोजनाले भारतसँग गरिने अन्तरदेशिय उर्जा लेनदेनलाई समेत सहयोग गर्नेछ। छोटकरीमा, हाल लोडसेडिङ घटाउन भारतबाट विद्युत आयात गरिदै आएको छ, यस्लाई घटाई विद्युत व्यापारलाई सहयोग पुराउनेछ।”

## ख. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका अवयवहरु

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनामा खाका, आपुर्ति, स्थापना, परिक्षण, संचालन र पश्चिमाञ्चल क्षेत्रमा उत्पादीत विजुली काठमाडौं र भारतीय बजारमा निर्यात गर्न विद्युत प्रशारण लाइन संरचना संचालन गर्नेलगायतका कुराहरु पर्दछन् । विशेषगरी यि तल उल्लेखित मुख्य तत्वहरु नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनामा पर्दछन् ।

### अ प्रशारण प्रणालीको विस्तार

अ) कालिगण्डकी खोँच र भारतको सिमाविच (२२० के.भी.-३८ किलोमिटर, र ४०० के.भी.-११७ किलोमिटर)
आ) मर्स्याङदी कोरिडोरसँगै (२२० के.भी.-१३५ किलोमिटर),
इ) मर्स्याङदी र काठमाडौंको विच (२२० के.भी.-८५ किलोमिटर) र
ई) सामुन्द्रटार र त्रिशुली 3 B Hub विच (१३२ के.भी.-२४ किलोमिटर), साथै

### आ विभिन्न ठाउँमा अवस्थित grid सेवा सवस्टेशनहरु निर्माण र/वा प्रतिस्थापन

अहिले, एफपिक र अधिकार मञ्चको मुख्य सरोकार भनेको २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन हो । यो नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको मुख्य भाग हो ।

## ग. २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन बारे ।

२२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन धेरै खण्डहरुमा विभाजन गरिएकोछ ।

- मानाङ जिल्लाको घालेचोकदेखि लम्जुङको खुदीसम्म ।
- लमजुङजिल्ला भित्रपनि खुदीदेखि उदीपुरसम्म ।
- लमजुङको उदीपुरदेखि चितवनको भरतपुरसम्म (मार्किचोक हुँदै तनहुँ जिल्लासम्म)

युरोपियन इन्भेष्टमेन्ट बैंकका अनुसार, नेपाल उर्जा प्रणाली विस्तार सम्बन्धी परियोजनाको मुख्य लक्ष्य भनेको यि उपत्यकाहरुबाट करिव १००० मेगावाट विद्युत क्षमता अभिवृद्धि गर्ने हो ।

### अ.२२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईनको उदीपुर-भरतपुर खण्ड

२२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन अर्न्तगत नेपाल विद्युत प्राधिकरणले ६४.५ किलोमिटर लामो उदिपुरदेखि मार्किचोक हुदै भरतपुरसम्मको प्रशारण लाइनको भाग, लमजुङ जिल्लाको उदिपुरदेखि तनहुँ जिल्लाको मार्किचोक हुँदै भरतपुर मम्मको प्रशारणलाइनको काम शुरु गरेको छ ।

पिन्गाओ ग्रुप कम्पनी लिमिटेडलाई उदिपुरदेखि मार्किचोक हुदै भरतपुरसम्मको प्रशारणलाइनको भागको प्रशारण लाईनका खाका, आपुर्ती, निर्माण सम्पन्न गर्न १ करोड ६७ लाख अमेरिकी डलरबराबरको सम्झौता गरिसकेको छ । उदिपुरदेखि भरतपुरसम्मको प्रशारणलाईनको भाग ३६ महिनाभित्र सम्पन्न गर्नेगरि सन् २०१७ नोभेम्बर ५ मा सम्झौता भएको छ ।यसको आधारमा भन्नुपर्दा उदिपुरदेखि भरतपुरसम्मको प्रशारणलाईनको भागको निर्माण शुरु भैसकेको छ वा छिट्टै शुरुहुने वाला छ ।

### आ. २२० के.भि. मर्स्याङदी कोरिडोरको घलेचोक-उदीपुर खण्ड

रुपमा नेपाल विद्युत प्राधिकरणले २२० के.भि. मर्स्याङदी कोरिडोरको अर्को प्रमुख भागमा ४५ किलोमिटर लामो घलेचोक-खुदी-उदीपुर सेगमेन्टको काम गर्दैछ । निर्माणको लागि टेन्डरिङको काम त्यसलगत्तै शुरु हुने अपेक्षामा नेपाल विद्युत प्राधिकरणले यस सेगमेन्टमा वातावरणीय प्रभाव मूल्याङ्कनको काम गरिरहेको छ । हामीलाई थाहा भएअनुसार, यो उजुरी पठाउँदासम्म यूरोपियन इन्भेष्टमेन्ट बैंकको वेबसाइटमा वातावरणीय प्रभाव मूल्याङ्कन उपलब्ध गराइएको छैन ।

## २. एफपिक र अधिकार मञ्च

एफपिक र अधिकार मञ्च लमजुङ जिल्लाका स्थानीय आदिवासी जनजाति र गैर आदिवासी जनजातिहरुको समूह हो । जसले यस क्षेत्रमा संचालन भएका जलविद्युत परियोजनाहरुले जनताका अधिकारहरुलाई सम्मान गर्नु पर्दछ भन्ने आवाज उठाउँदै आइरहेका छन्। एफपिक एफपिक र अधिकार मञ्च गाउँतहमा गठित स्थानीय संघर्ष समितिहरुको छाता संगठन हो । अहिले, यस मंचमा २२० के भि प्रशारणलाईन, अन्य प्रशारणलाई, विद्युत परियोजनाले प्रभावमा पारेका समुदायहरु आावद्ध भएका छन् ।
स्थानीय बासिन्दाहरु नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना, खासगरी २२० के.भि. मर्स्याङदी कोरिडोर परियोजनाले सूचना नदिई, परामर्श नगरी, यसको सकरात्मक नकरात्मक प्रभावको बारेमा जानकारी नदिई, मंजुरी नलिई संचालन गरिएको कुरामा चासो ब्यक्त गरेका छन् ।

लमजुङ जिल्लामा रहेका नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत सेक्टर परियोजनाहरुले स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरीको प्रक्रियालाई वृहत रुपमा अपनाउनुपर्ने, र यूरोपियन इन्भेष्टमेन्ट बैंकको नियमहरुअनुरुपका हाम्रा अधिकारहरुको सम्मान गर्ने र नेपालको तथा अन्तर्राष्ट्रिय कानुनहरु, नीतिहरु र अभ्यासहरुलाई अपनाउनुपर्ने माग हामीले साथमा गर्दैआइरहेका छौं ।

## ३. वातावरणीय र सामाजिक मामिलामा यूरोपियन इन्भेष्टमेन्ट बैंकको संलग्नता

हामीलाई थाहा छ, यूरोपियन इन्भेष्टमेन्ट बैंक एक यूरोपियन यूनियन संगठन हो, जसले विकास गर्दा वातावरणीय दिगोपन र सामाजिक भलाईलाई ध्यान दिने गर्दछ, र सबै “परियोजनाहरु बैंकको वातावरणीय एवं सामाजिक मापदण्डहरुअनुरुप सञ्चालित हुनुपर्दछ ।” यूरोपियन इन्भेष्टमेन्ट बैंकको

“लगानीमा रहेका सबै परियोजनाहरुले वातावरणीय एवं सामाजिक दिगोपनलाई बढावा दिँदै त्यसको महत्व बढाउँने लक्ष्य” लाई हामी स्वागत गर्दछौं ।

जब हामीले उच्च तहका परियोजना कार्यान्वयनकर्तासँग आफ्नो सवालहरु व्यक्तिगत रुपमा उठायौं, नेपाल विद्युत प्राधिकरणको प्रबन्ध निर्देशकले सन् २०१७ को अन्त्य र त्यसपछि अप्रिल २०१८ मा हाम्रा सरोकारहरु नेपालीहरुको ट्रान्समिसन लाइनसम्बन्धि नीतिसँग सम्बन्धित छ र त्यो नीतिमा परिवर्तन गर्नुपर्ने कुराहरु रहेको बताएका थिए । सरकारले यस्ता सरोकारहरुमध्येका केही सवालहरुलाई सम्बोधन गर्नको लागि कार्यदल समेत गरेको कुरा हामीलाई थाहा छ, तैपनि त्यसको प्रक्रियाबारेमा एकदमै कम कुराहरु मात्रै सम्प्रेषण भएका छन् । यद्यपि हामी ट्रान्समिसन लाइनद्वारा प्रभावित छौं, त्यो ट्रान्समिसन लाईनसम्बन्धी नीति ड्राफ्टको बेला हामीसँग परामर्श गरिएन, वा त्यस्ता कुनैपनि नीतिहरु बाहिर आएको हामीले देखेनौ । अझैपनि हाम्रा सरोकारहरुलाई नसुनिकनै २२० के.भि. मर्स्याङदी कोरिडोर सञ्चालन भइरहे छ ।

हामी चाहन्छौं, यूरोपियन इन्भेष्टमेन्ट बैंकले नेपाली अधिकारीहरुलाई सकारात्मक प्रभाव पारोस् र लमजुङ जिल्लाका नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले २२० के.भि. मर्स्याङदी कोरिडोर, र सम्बद्ध जलविद्युत सेक्टर विकाससमेतले यूरोपियन इन्भेष्टमेन्ट बैंकको मापदण्डहरु, यूरोपियन यूनियन अन्तर्गतका कानूनहरु, मुद्य्ल्य मान्यता  र अभ्यासहरुको लागु गरुन  ।

# ४. तत्कालै हुनुपर्ने मध्यस्थताको लागि अनुरोध

यो उजुरीको अर्को खण्डमा विस्तारमा व्याख्या गरिएअनुसार, यूरोपियन इन्भेष्टमेन्ट बैंकको सुपरिवेक्षण र यथोचित प्रक्रिया (due diligence and supervision) सम्बन्धमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनामा गलत तरिकाले प्रशासनिक कामकाज भएको छ । यूरोपियन इन्भेष्टमेन्ट बैंकका त्यस्तो गलत प्रशासनिक कामकाजले  वास्तविक वा सम्भावित क्षति/समस्या ल्याएको छ । यो गलत तरिकाको प्रशासनिक कामकाजलाई मञ्चले हेर्ने गर्दछ, र त्यसले ल्याएको समस्याहरुको समाधानको वारेमा आवाजहरु उठान गरि रहेको छ

उजुरी सुन्ने निकायको अहिलेको नीतिले समस्याहरुको समाधान र/वा मध्यस्थताको अनुरोध गर्दै उजुरी गर्न अनुमति दिन्छ । एफपिक र अधिकार मञ्च उजुरी सुन्ने निकायलाई यूरोपियन इन्भेष्टमेन्ट बैंकको व्यवस्थापन तथा सेवा समूह, नेपाल विद्युत प्राधिकरणको परियोजना प्रवर्द्धक, उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयसहितका अधिकारीहरु र आवश्यकताअनुसार त्यस क्षेत्रमा सम्बद्ध अरु जलविद्युत क्षेत्र निर्माणकर्ताहरुबीचमा सहकार्यात्मक विवाद न्यूनीकरण प्रक्रियाको समन्वय गर्न अनुरोध गर्न चाहन्छौ ।

हामी विश्वास गर्दछौं, जटिल औपचारिक मध्यस्थता/मिलेमतो प्रक्रिया- उजुरी सुन्ने निकायको अहिलेको प्रक्रिया- ले निम्न कुरामा सहयोग गर्दछः

- स्थानीय प्रभावित समुदायहरु, यूरोपियन इन्भेष्टमेन्ट बैंक, नेपाल विद्युत प्राधिकरण, र पदाधिकारीहरुबीचमा विश्वासमा सुधार ल्याउन,
- परियोजनाका निर्णयहरुमा अधिकारवालाहरुको रुपमा प्रभावित समुदायहरुको पर्यापत सहभागिताको सुनिश्चितता गर्न,

- पर्याप्त मात्रामा जानकारी साटासाट गर्न, परामर्शहरु गर्न र स्वतन्त्र सल्लाह र थप स्पष्टीकरणको ठाउँहरुको खोजी गर्न सहजीकरण गर्ने, ताकी लमजुङका समुदायहरुले जलविद्युत सेक्टर विकाससँग सम्बन्धित नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको असरहरु राम्रोसँग बुझ्न सक्नेछन्,
- लमजुङमा जलविद्युत विकासमा आवद्ध दाताहरु, प्रवर्द्धकहरु र सञ्चालनकर्ताहरुलाई समुदायहरुका सवालहरुबारे राम्रोसँग बुझ्न,
- न्याय र दिगो विकासको लागि निम्न सम्झौताहरुको सहजीकरणः
    - नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्रका परियोजनाहरुका प्रभावहरुसम्बन्धी समुदायहरुका सरोकारहरुको सम्बोधन गर्न,
    - हरेक व्यक्ति वा सामूहिक रुपमा परेको प्रभावहरुलाई कसरी राम्रोसँग न्यूनिकरण गर्न, क्षतिपूर्ति गर्न सकिनेछ भन्नेबारे स्पष्ट पार्न,
    - समुदायहरुका स्वतन्त्र, पूर्व सूसुचित जानकारीसहितको मञ्जुरी, सामूहिक तथा व्यक्तिगत मानव अधिकारहरु र वातावरणको हकको सम्मान गर्न, र,
    - सम्झौता लागू गर्न र त्यसको कार्यान्वयन अनुगमन गर्ने योजना समावेश गर्न ।

समय मुख्य कुरा हो भन्ने हिसाबले समुदायहरुको अवस्थाहरुको शीघ्र र सार्थक पहिचान गर्न हामी आग्रह गर्दछौं । मानव अधिकार र वातावरणमा परियोजनाले पारेको असरहरुको बाबजुदपनि परियोजना अधिकारीहरु परियोजना अघि बढाइरहेका छन् । हामी हाम्रो समस्याको चाँडोभन्दा चाँडो उपयोगी समाधान चाहन्छौं । २२० केभी मर्स्याङदी कोरिडोरको निर्माणले चाँडै फडानी कार्य शुरु गर्नेछ वा केही ठाउँहरुमा शुरु गरिसकेको पनि हुनसक्छ । केही अरु भागहरुमा नेपाल उर्जा विस्तारसम्बन्धी परियोजना निर्माणका कामहरु शुरु भइसकेका छन् । त्यहा हुने कुनैपनि निर्माण कार्यले समुदायहरुमाथि अपुरणीय प्रभावहरु पार्नेछ । खासगरी ट्रान्समिसन लाइनको रुटहरुबारेमा पनि हामीले कुरा गरिरहेका छौं । यूरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरणलाई सबै निर्माण कार्यहरु, कम्तीमा २२० केभी मर्स्याङदी कोरीडोरको अगाडिको काम स्थगन गर्न र समुदायहरुसँग मध्यस्थताको प्रक्रिया यथाशिघ्र थाल्नको लागि अनुरोध गर्न महत्वपूर्ण छ ।

हामी बुझ्छौं, उजुरी सुन्ने निकायको अहिलेको नीति, प्रक्रियाहरु र अभ्यासहरुले तपाईहरुको आन्तरिक मध्यस्थता विज्ञहरुलाई सम्भावित मध्यस्थता प्रक्रियाको योजनामा मद्दत पुर्‍याउन प्रारम्भिक मूल्याङ्कन भ्रमणको अनुमति दिन्छ । प्रक्रियालाई विस्तार गर्न, प्रारम्भिक मूल्याङ्कन प्रक्रियामा तपाईहरुको आन्तरिक मध्यस्थता विज्ञ अभिन्न अंग हुन् । उनीहरुले मध्यस्थता प्रक्रिया शुरु गर्ने कदमहरु प्रभावित समुदायहरु र अरु पक्षहरुसँगको परामर्शमा चाँडोभन्दा चाँडो, अझ प्रारम्भिक मूल्याङ्कन प्रक्रिया सकिनुभन्दा पहिले नै, चालेका हुनेछन् ।
कृपाया ध्यान दिनुहोलाः जबकी उजुरी सुन्ने निकायबाट मध्यस्थताको माग हाम्रो प्राथमिक विषय बनेको छ । तर यदि सहकार्यत्मक समाधान सम्भव नभएमा वा हाम्रा समस्याहरुको कुनैपनि समाधानबिना मध्यस्थता टुंगिएमा उजुरी सुन्ने निकायले प्रशासनले गलत काम गरेपछि उत्पन्न भएका कुनै अवस्थाहरुको समाधानका उपायहरुसहित बलियो अनुपालन समीक्षा अनुसन्धानको पहल गर्नुपर्दछ,
।

# ५. समुदायको दृष्टिकोण

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध परियोजनाहरु जसरी सञ्चालित छन्, त्यसमा भएको वातावरणीय एवं सामाजिक न्यायको अभावबारे प्रभावित समुदायहरुको सरोकार रहेको छ । हामीलाई थाहा छैन किन हामीहरु परियोजनाहरुसम्बन्धी निर्णयहरुबाट वहिष्कृत छौं, र किन परियोजनाहरुले समुदायहरुसँग पर्याप्त लाभहरु बाँड्दैन, जबकी परियोजनाहरु सञ्चालन गर्नको लागि हामीले धेरै बोझहरु झेल्छौं ।

मञ्चले नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको गलत प्रशासनिक कामकाजको समाधान नगरेसम्म निर्माणका सबै योजनाहरु स्थगित गर्न भनिरहेको छ । त्यसको अर्थ परियोजनाले स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहित मञ्जुरीको प्रक्रिया अपनाउनुपर्नेछ । त्यसमाथि परियोजनाको लागि आफ्नो वातावरणीय तथा सामाजिक यथोचित प्रक्रिया र सुपरिवेक्षणको कमीकमजोरीहरु र त्यसको नजितास्वरुप समुदायहरुमा परेको नकारात्मक प्रभावहरु हटाउन यूरोपियन इन्भेष्टमेन्ट बैंकले समुदायहरुसँग काम गनुपर्छ ।

यहाँ यो कुरा बुझ्न महत्वपूर्ण छ कि लमजुङ जिल्लाका स्थानीयबासीहरुसँग यस क्षेत्रमा रहेका अन्य परियोजनाहरुबाट राम्रो अनुभवहरु पाएका थिएनन् । त्यहाँ बहु जलविद्युत आयोजना र ट्रान्समिसन लाइन परियोजनाहरु उनीहरुसँगको पर्याप्त परामर्शबिना र स्थानीय समुदायहरुलाई सूचनाहरु नदिइकन सम्पन्न गरिए । समुदायिक स्रोतसाधनहरु जस्तै, जंगल, मा प्रतिकूल असर परेको भएपनि उनीहरुले स्थानीय आदिवासी जनजाति समुदायहरुको स्वतन्त्र, पूर्व सूसुचित जानकारीसहितको मञ्जुरीको खोजीको प्रक्रियाको समेत प्रयोग गरेनन् ।

नजितास्वरुप, स्वतन्त्र, पूर्व सूसुचित जानकारीसहितको मञ्जुरीको प्रक्रियालगायत समुदायहरुका निम्न सरोकारहरुबारे हामी बोलीरहेका छौः

- परियोजनाबारे पर्याप्त सूचना खुलासा र परियोजनाको प्रभावहरुबारेमा परामर्शको अभाव रहेको,
- परियोजनाको निर्णय प्रक्रियाहरुमा प्रभावित आदिवासी जनजातिहरुको सहभागिताको अभाव रहेको,
- परियोजनाको लागि प्रभावित समुदायहरु, खासगरी आदिवासी जनजातिहरुको स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरीको अभाव रहेको
- परियोजनाले लिएको र प्रयोग गर्न प्रतिवन्ध लगाएको जग्गा जग्गा धनीहरुले कसरी प्रयोग गर्न सक्दछन्
- लाइनहरु मुनि र छेवछाउका जग्गाहरुमा परेका आर्थिक प्रभाव, निम्नसहितः
    - जमिनको मूल्य र महत्वको अवमूल्यन,
    - प्रभावित जमिनहरुलाई धितोको लागि सुरक्षित राख्न कठिनाई, र,
    - प्रभावित जमिनको लागि पर्याप्त क्षतिपूर्तिको अभाव,
- जंगलका स्रोतसाधानहरु र सामुदायिक भौतिक संरचनाहरु जस्तैः विद्यालय र मन्दिरहरुसहित सामुदायिक स्रोतसाधनहरुमा परेको प्रभावहरु,
- पवित्र स्थलहरु र आदिवासी जनजातिहरुको जमिन र प्राकृतिक स्रोतहरुसँगको आध्यात्मिक सम्बन्धमाथिको प्रभावहरु,

- परियोजना र त्यससँग सम्बद्ध अरु परियोजनाहरुको लाभांश बाँडफाँडको अभाव,
- रुखहरु काटिनु, र चराचुरुंगी र जनावरहरुलाई करेन्ट लाग्नुलगायतका वातावरणीय प्रभावहरु,
- तारहरुबाट करेन्ट लाग्ने र चट्याङको बृद्धिबाट सुरक्षाको डर,
- दृश्य प्रभावहरु,
- ध्वनि प्रभावहरु,
- विद्युतीय-चुम्बकीय रेडियसनले बच्चा, पाका व्यक्ति, महिला, चौपाया र बालीनालीहरुमा पार्ने प्रभावहरुको डर
- निर्माणको चरणमा परेका प्रभावहरु, र
- लैंगिकतासम्बन्धी प्रभावहरु ।
-

अधिकार मञ्चले जनताका अधकिारहरुलाई सम्मान गरेर विद्युत विकासका परियोजनाहरु सञ्चालन होस् भन्ने चाहन्छ । हामी आशा गर्दछौं कि, यूरोपियन इन्भेष्टमेन्ट बैंकले यस जिल्लामा स्तरीय परियोजना कार्यान्वयनको लागि नेतृत्वकारी भूमिका खेल्नेछ । अधिकारको सम्मान गरिदै २२० के.भि. मर्स्याङदी कोरिडोर- यस क्षेत्रमा सम्बद्ध सबै जलविद्युत सेक्टर विकास परियोजनाहरु- कार्यान्वयन गरिदा वातावरणीय एवं सामाजिक स्तर उकास्नमा योगदान पुग्नेछ । वातावरणीय एवं सामाजिक स्तर उकासिदा यूरोपियन इन्भेष्टमेन्ट बैंकको पिलर ३- ‘EIB Additionality’ - ले आफ्नो नतिजा मापनको फ्रेमवर्कको पहिचान गर्नमा समेत मद्दत मिल्नेछ ।

उजुरीको यो खण्डले माथि भनिइएका केही प्रभावहरु र समस्याहरुको वृहत र विस्तृत चर्चा गरेको छ । जहाँ परियोजनामा गलत प्रशासनिक कामहरुको उपायहरु र प्रभावित समुदायहरुका सरोकारहरुको सम्बोधनको समेत सम्भावित सुझावहरु दिइएको छ ।

# क.लमजुङ जिल्ला र आसपासका क्षेत्रमा जलविद्युत निर्माण विकाससम्बन्धी सर्वपक्षिय मुल्यांकनको आवश्यकता

काठमाडौं र भारतका माग केन्द्रहरुसहितको मर्स्याङदी नदिमा र आसपास रहेका र योजना बनाइएका जलविद्युत क्षमता जोड्ने उद्देश्यसहितको २२० के.भि. मर्स्याङदी कोरिडोर यस क्षेत्रको जलविद्युत सेक्टर विकासको वृहत योजनाको एउटा आवश्यक र महत्वपूर्ण भाग हो । पत्रपत्रिकाका लेखहरुमा भनिइएका छन् कि देशमा अहिले १,१०० मेगावाट क्षमतामा इन्स्टल गरिएका सञ्चालित जलविद्युत परियोजनाहरु छन् । यस क्षेत्रका जलविद्युत सेक्टर विकासका लक्ष्यहरु महत्वकांक्षी छन् । नेपालको ट्रान्समिसन सिस्टम विकास योजनाअन्तर्गत पश्चिमाञ्चलमा २०४० सम्ममा कूल ७,००० मेगावाटभन्दा बढी क्षमताका ट्रान्समिसनहरु राखिने योजना रहेको छ । पहिले भनिएझैं, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना यस योजनाको एक अभिन्न भागको रुपमा उनीहरुको उत्पादनलाई मागका केन्द्रहरुसम्म पुऱ्याउने तरिका प्रदान गर्दै अहिले बन्न बाँकी रहेका परियोजनाहरुलाई व्यवहारिकतामा ल्याउन १,००० मेगावाट भन्दा बढी बिजुली निकाल्नको लागि निर्माण गरिएको हो ।

परियोजनाले प्रभाव पारेको क्षेत्रहरुको सन्दर्भमा परियोजनाको वातावरणीय एवं सामाजिक प्रभावहरु मूल्याङ्कन गरिनुपर्दछ, जुन यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक हातेपुस्तकअनुसार समावेश छ:

- नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा वा व्यवस्थापनअन्तर्गत रहेका अन्य जलविद्युत उत्पादन र ट्रान्समिसन सम्पत्ति वा सुविधाहरु, अथवा सम्बद्ध कामाकाजहरुलाई अरु थोकबाहेक तिनको गुणस्तर, उद्देश्य, प्रकृति, विशेषता, र स्थानहरुमार्फत् नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको अभिन्न भागको रुपमा लिन सकिनेछन्,
- नेपाल विद्युत प्राधिकरणसँग अनुबन्धित वा त्यसअन्तर्गतका पक्षहरुको नियन्त्रण वा स्वामित्वमा रहेका जलविद्युत उत्पादन समर्थित र ट्रान्समिसन सम्पत्तिहरु र सुविधाहरु,
- नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको भागको रुपमा लगानी नगरिएका सम्बद्ध सुविधाहरु र व्यवसायहरु भएपनि नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको सञ्जाल अखण्डता र विजुली व्यापारको दृष्टिले सफल सञ्चालनको लागि आवश्यक वा अभिन्न अंगहरु,
- प्रभावित हुने सम्भावनायुक्त त्यस्ता क्षेत्र वा समुदायहरु: नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको नियोजित विकासको प्रत्यक्ष प्रभाव भएको वा परियोजनाले प्रयोग गरेको स्रोतसामाग्री वा क्षेत्रहरुमा हुने प्रभावहरुको वृद्धिले ल्याउने संचयी प्रभाव अथवा भौगोलिक क्षेत्रमा रहेको अन्य ट्रान्समिसन र बितरण प्रणाली परियोजनाहरु, त्यहाँ भएका परियोजनाहरु र/वा शर्त, र अन्य परियोजनासम्बन्धित विकासहरुलाई त्यसपछि मूल्याङ्कन गरिदा वास्तविक तवरमा अनुमान लगाउन सकिनेछ,
- नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको कारण अनियोजित तर अनुमानित विकासहरुको प्रभावस्वरुप प्रभावित हुने सम्भावित क्षेत्र वा समुदायहरु जुन पछि वा अन्य स्थानहरुमा पनि हुनसक्नेछन् ।

यद्यपि, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको वातावरणीय एवं सामाजिक मूल्याङ्कन गरिँदा त्यस्तो सर्वपक्षीय अवधारणा अपनाइएको हामीले हेर्न बाँकी छ । यहाँनेर हाम्रो सरोकारको कुरा, परियोजनाको लागि भएका कुनैपनि वातावरणीय एवं सामाजिक दस्तावेजीकरणमा सम्बद्ध सुविधाहरुको सार्थक रुपमा सम्बोधन गरिएका छैनन् । न हामीले त्यस्तो कुनै सञ्चयी प्रभाव विश्लेषण वा रणनैतिक वातावरणीय मूल्याङ्कन भएको देखेका छौ ।
विकासका क्षेत्रहरुमा त्यस्ता मूल्याङ्कनहरुको आवश्यकता छ, जुन स्थानीय प्रभावित आदिवासी जनजातिहरु र अन्य समुदायहरुसँगको परामर्शमा हुनुपर्दछ ।

## अ. प्रभावहरुको मूल्याङ्कन गरिदा खण्डित परियोजनाको स्थगन

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको वातावरणीय एवं सामाजिक मूल्याङ्कनहरु टुक्राटाक्री र भाग-भागमा भइरहेको देखिन्छ । डिसेम्बर २०१७ मा यूरोपियन इन्भेष्टमेन्ट बैंकले जनाएअनुसार, “उदीपुर-भरतपुर सेगमेन्ट [...] को प्रारम्भिक वातावरणीय मूल्याङ्कनको अन्तिम प्रतिवेदन नै २२० के.भि. मर्स्याङदी कोरिडोरको लागि अहिलेलाई उपलब्ध एकमात्र वातावरणीय एवं सामाजिक प्रतिवेदन हो, र घलेचोकदेखि उदीपुर सेगमेन्टको लाइनको लागि छुट्टै वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया रहेको छ । समुन्द्रटार-त्रिशुली ट्रान्समिसन लाइन परियोजनाको वातावरणीय एवं सामाजिक दस्तावेजीकरण र यसकै अर्को एउटा सवस्टेसनको बेग्लै दस्तावेज पनि देखिन्छ । नेपाल उर्जा प्रणाली

विस्तारसम्बन्धी परियोजना जस्तै काली गण्डकी कोरिडोर, र मर्स्याङदी-काठमाडौँ लाइनको पनि सहपरियोजनाको स्तरमा समीक्षा गरिएको छ । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना निर्माणको लागि विभिन्न सहपरियोजनाहरु अघि बढिरहेको देखिन्छ । खासगरी सम्बन्धित भागहरुमा सहपरियोजना स्तरका वातावरणीय एवं सामाजिक मूल्याङ्कन प्रक्रियाहरु पूराभएपछि अघि बढाइएको छ ।

यहाँ ध्यानदिनुपर्ने महत्वपूर्ण कुरा, २२० के.भि. मर्स्याङदी कोरिडोर आफैमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको एउटा भाग हो, जुन दक्षिण एशिया सहक्षेत्रीय आर्थिक सहायताका लागि विद्युतीय प्रणाली विस्तार परियोजनाको भागको रुपमा रहेको छ । परियोजनाका स-साना भागहरुको मूल्याङ्कन गरिदा परियोजनाका प्रभावहरुलाई कम आँकलन गर्न सकिने हुनाले यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक नियमहरुले "खण्डित" ("salami-slicing") परियोजनाहरुलाई स्थगन गरेको छ । परिणामतः उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको ट्रान्समिसन लाइनको प्रारम्भिक वातावरणीय प्रभावहरु र मनाङ-उदीपुर सेगमेन्टको बेग्लै वातावरणीय प्रभाव मूल्याङ्कन र नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको बेग्लै प्रतिवेदन भ्रमित दिशामा हुन सक्दछ । समग्रमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको वातावरणीय एवं सामाजिक मूल्याङ्कन वा कम्तीमा २२० के.भि. मर्स्याङदी कोरिडोरका भागहरुको एकैसाथ मूल्याङ्कन गर्न सकिन्थ्यो ।

## आ. १३२ के.भि. भुल्भुले मध्य-मर्स्याङदी प्रशारण लाईनको खराब अनुभवबारे सोच्नुपर्ने

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक हातेपुस्तकअनुसार, २२० के.भि. मर्स्याङदी कोरिडोरको योजना बनेपछि प्रभावित भएका समुदायहरु र समुदायका सदस्यहरुले भर्खरै सम्पन्न भएको १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन, २२० के.भि. मर्स्याङदी कोरिडोर सम्बद्ध सुविधाहरुको नकारात्मक प्रभावहरुको सामना गरेका छन् । १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन ५० मेगावाट माथिल्लो मर्स्याङदी-ए जलविद्युत परियोजनाबाट उत्पन्न उर्जा २२० केभी मर्स्याङदी कोरिडोरसम्म लैजान निर्माण गरिएको थियो । १३२ केभि भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाइन कसको हो भन्नेबारेमा हामी पक्का छैनौं । तर यदि यो नेपाल विद्युत प्राधिकरणको हो भने यसलाई "प्रबर्द्धकहरुको प्रत्यक्ष स्वामित्वमा रहेको वा व्यवस्थापनमा रहेको" सम्बद्ध सुविधाको रुपमा लिनुपर्दछ र "गुण, उद्देश्य, प्रकृति, विशेषता वा स्थानहरुमार्फत् यसलाई मुख्य परियोजनाको हस्तक्षेत्रको अभिन्न अंगको रुपमा लिन सकिन्छ ।"

वैकल्पिक रुपमा, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासम्बद्ध सुविधाहरुको रुपमा यसले नेपाल उर्जा प्रणाली विस्तार परियोजनालाई प्रत्यक्ष रुपमा विद्युत ओसारपसार गर्न, र वि**द्युत** ओसारपसार गर्नु नै नेपाल यसको मुख्य उद्देश्य भएको बुझ्न सकिन्छ । यहाँ १३२ केभि भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाइन "परियोजनाको भागको रुपमा लगानी नगरिएको" कुराले महत्व राख्दैन । जबकी यो प्रत्यक्ष रुपमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासँग गाँसिएको छ र वास्तवमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना "सफलतापूर्वक सञ्चालन गर्न"को लागि आवश्यक, जसले ५० एमभि ए माथिल्लो मर्स्याङदी- एउटा जलविद्युत परियोजनालाई नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासँग जोडेको छ । २२० के.भि. मर्स्याङदी कोरिडोर जस्तै, १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन पनि लमजुङका मानिसहरुको जंगल, सामुदायिक स्रोतसाधन, घरहरु, संरचनाहरु र जमिनहरुमाथिबाट लगिएको छ ।

खासमा, १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन २२० के.भि. मर्स्याङदी कोरिडोर एकआपसमा भुलभुलेदेखि उदीपुरसम्म चलिरहेका छन् । अझ, साना जग्गाधनीहरुसमेत केही समुदायका सदस्यहरु, जसको जमिन १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको लागि सुरक्षित गरिएका थिए, ले आफ्ना सीमित जग्गाहरु अहिले २२० के.भि. मर्स्याङदी कोरिडोरको लागि समेत चिन्ह लगाइएको देखेका छन् ।

यस क्षेत्रका अरु जलविद्युत परियोजनाहरुजस्तै १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन पनि स्थानीय प्रभावित मानिसहरुसँग पर्याप्त परामर्श र सूचनाको खुलासा नगरिकन, क्षतिपूर्ति नदिइकन र स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरी नखोजीकन सम्पन्न गरियो। १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको गलत प्रशासनिक कामकाज, र नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासँग सम्बद्ध अरु सम्पन्न भइसकेका परियोजनाहरुले नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको विविध खालका प्रभावहरुबारेको समुदायहरुको सरोकारहरुको जानकारी गराएको थियो ।

१३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन र २२० के.भि. मर्स्याङदी कोरिडोर दुबै उच्च भोल्टेज भएका लाइनहरु हुन् । समुदायका सदस्यहरुले १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनले गरेको घरेलु तथा अन्तर्राष्ट्रिय कानून, नीतिहरु र अभ्यासहरुको उल्लंघन कार्यलाई २२० के.भि. मर्स्याङदी कोरिडोरले दोहोऱ्याएको कुराप्रति आफ्ना गहन सरोकार राख्दछन् ।

### *१. प्रशारण लाइनको अपर्याप्त परामर्श र क्षतिपूर्ति*

नेपालमा प्रशारण लाइन डेभलपरहरुले प्रशारण टावरहरु र सवस्टेशनहरु जस्ता संरचना बनाउने ठाउँहरुमा जग्गा किन्ने अभ्यास चलिआएको छ । तर तारहरु लगिइने ठाउँहरु मुनि पर्ने जग्गाहरु भने किन्ने गरिएको छैन । अझ, तारहरु मुनिका पटुका जस्ता साँघुरो जग्गाहरुलाई प्रशारण लाइनको बाटोकै लागि छुट्याउने गरिन्छ । १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको तार टाँगिइएको मुनिको जग्गामा बाटोको रुपमा ९ मिटर तोकिएको छ ।

प्रशारण लाइनको बाटोमुनि जग्गा परेको व्यक्तिगत जग्गाधनीहरुलाई उनीहरुको जग्गा प्रयोग गरेवापत जम्मा १०% क्षतिपूर्ति दिइएको छ, जबकी उनीहरुको जग्गा प्रयोग गर्नको लागि प्रतिबन्ध लगाइनुका साथै अरु नकारात्मक प्रभावहरुसमेत भ्रेलीरहेका छन् । जस्तैः जग्गाधनीहरुले आफ्नै जग्गा भएपनि त्यहाँ रुखविरुवा रोप्न सक्दैनन्, बैंकले ऋण दिनको लागि जग्गा धितो राख्न मान्दैन । प्रभावित धेरै समुदायहरुले परियोजनाको स्वास्थ्य, सुरक्षा र वातावरणीय प्रभावहरुबारे चिन्तान् राख्दछन् र प्रशारण लाइन आसपास बस्न चाहँदैनन् । यस्ता पक्षहरुका कारण प्रशारण लाइन भएका ठाउँका जग्गाहरुको मूल्य र महत्व घट्ने गएको छ । रुखहरु र पवित्र स्थलहरुजस्ता सामुदायिक स्रोत साधनहरुमाथि समेत प्रतिकूल असरहरु पर्दै आएको छ ।

यी कारणहरुले गर्दा १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको लागि लमजुङका समुदायहरु परामर्श, सूचनाको खुलासा र सम्प्रेषण, र स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरीको प्रक्रियाको माग गरिरहेका छन् ।

## *२. भ्रष्टाचारबारेको विषयमा*

अर्को सरोकारको विषय हो पैसा, जुन १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको क्षतिपूर्ति र समुदायको लाभको लागि छुट्ट्याइएको थियो। त्यो लक्षित कामको लागि वा लाभग्राहीहरुसम्म सँधै पुग्नै सकेन । हामीले १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको वातावरणीय एवं सामाजिक प्रभावहरुको न्यूनीकरण कार्यक्रममा भ्रष्टाचार हुने सम्भावना महशुश गरेकोबारे लमजुङको जिल्ला प्रशासन कार्यालयमा पनि उजुरी गरेका थियौं ।

परियोजनाको कागजातमा हामीले देखेको कुरा, सरकारले परामर्श र समुदायको लाभको लागि बजेट छुट्याएको तर त्यसको नजिता हामीले नदेखेको र कहीकतै बीचमा उक्त पैसा अनुचित भएको भन्ने ठहर्याइयो। हामीले सरकारसँग कुरा गरेपछि महशुश गर्‍यौं कि १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनसम्बन्धमा थुप्रै रकम समुदायको लाभको लागि,पानी आपूर्ति परियोजनाको लागि र स्वास्थ्यको लागि छुट्याइएको थिएछ । तर त्यो पैसा खर्च गरेको र भ्रष्टाचारमा विलाएकोबारेमा सरोकार राखेको हामीले देखिरहेका छैनौ । परिणमत, हामीले नेपालमा प्राधिकरणको दुर्व्यवहारबारे अनुसन्धान गर्ने आयोगको विरुद्धमा उजुरी हाल्यौं ।

१३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन र यस क्षेत्रका अरु जलविद्युत परियोजनाहरुको प्रत्यक्ष र प्रतिकूल प्रभावहरु देखिरहँदा, हामी २२० के.भि. मर्स्याङदी कोरिडोरजस्ता परियोजनाहरुको सम्भावित नकारात्मक प्रभावहरुबारे सचेत छौं र हामी यस्ता सबै समस्याहरुको संयोजित समाधान चाहन्छौं ।

## *३. १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी विद्युत प्रशारण लाईनसम्बन्धी विवाद पहिला समधान गर्नुपर्ने*

राम्रो विश्वासको संकेतको रुपमा authorities द्वारा १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनसम्बन्धमा उठेका सवालहरु २२० के.भि. मर्स्याङदी कोरिडोरको कुनै थप कामहरु हुनुभन्दा पहिले सम्बोधन गरियोस् भन्ने चाहन्छौं । जसमा नीति निर्माण र अभ्यासमा परिवर्तन गरेर १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनको प्रष्ट देखिएका कमीकमजोरीहरुको सार्थक सम्बोधन र २२० के.भि. मर्स्याङदी कोरिडोर वा नेपालमा जहाँसुकै भएपनि ती कमीकमजोरीहरुलाई नदोहोर्‍याउने सुनिश्चित गर्ने कुराहरुपनि पर्दछन् । हामी आशा गर्दछौं, त्यस्तो प्रक्रियाले लाइन सञ्चालन गरिरहेका समुदायहरुका लागि सूचनाहरुको खुलासा गर्ने, परामर्श गर्ने, एफपिकको प्रक्रियाहरु अपनाउदै सामुदायिक स्तरमा लाभ लिनेतर्फ डोर्‍याउँनेछ। जुन शतप्रतिशत वा जमिनको बजार मूल्यभन्दा बढी र जमिनको अवमूल्यन भएवापत र आसपासका जमिनमा परेको अन्य प्रभावहरुकोसमेत क्षतिपूर्तिको रुपमा हुनेछ।

एफपिक र अधिकार मञ्चएफपिक र अधिकार मञ्चले नेपाल विद्युत प्राधिकरण, र प्रबन्ध निर्देशकलगायत,सँग आफ्ना सवालहरु उठाएपछि उनीहरुले १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनले गरेको कमीकमजोरीहरु २२० के.भि. मर्स्याङदी कोरिडोरले नदोहोर्‍याउने मौखिक प्रतिबद्धता हामीसँग गरेका थिए । नेपाल विद्युत प्राधिकरणले उचित क्षतिपूर्ति दिने समेत मौखिक प्रतिबद्धता जाहेर गरेको थियो । यद्यपि, प्रत्याशित रुपमा नीति परिवर्तनको लागि अथवा मूर्त रुपमा नीतिमा गर्न सकिने परिवर्तनहरुको लागि कुनैपनि खालको औपचारिक परामर्श भएन ।

यी मौखिक प्रतिबद्धाको बाबजुद नेपाल विद्युत प्राधिकरणले कुनै त्यस्तो नयाँ उचित नीतिहरुबिना नै २२० के.भि. मर्स्याङदी कोरिडोरलाई निरन्तर अगाडि बढाइरहेको छ। त्यसमाथि १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनसँग सम्बन्धित समस्याहरुको समाधान पनि गरिएको छैन। फलतः २२० के.भि. मर्स्याङदी कोरिडोरले १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनले गरेको कमीकमजोरीहरुलाई नै दोहोऱ्याउने कुराप्रति गम्भीर चासो राख्दछौ ।

१३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनबाट पाएको नकारात्मक अनुभवहरु २२० के.भि. मर्स्याङदी कोरिडोरमा पनि निरन्तर रहोस् भन्ने हामी चाहदैनौ। १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईन र सम्बद्ध सुविधाहरुजस्ता खराब परियोजना कार्यान्वयनको प्रभावहरुको विरासत पहिचान गरिदा समुदायहरु र परियोजना कार्यान्वयनकर्ताहरुवीचमा विश्वास जगाउन सहयोग गर्ने उजुरी गर्ने निकायलाई हामी सराहना गर्दछौं ।

## इ. श्रृंखलावद्ध धेरै परियोजनाले पार्ने संचयी प्रभाव मूल्याङ्कनको आवश्यकता

समुदायहरु २२० के.भि. मर्स्याङदी कोरिडोरको प्रभावहरु, र यस क्षेत्रमा रहेको अन्य परियोजनाहरुको संयोजित प्रभावहरुबारे सरोकार राख्दछन्।

लमजुङका स्वन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरी र अधिकार मञ्चले लमजुङ जिल्लामा सञ्चालित अन्य जलविद्युत उत्पादन तथा प्रशासन लाइन परियोजनाबाट प्रभावित समुदायको तर्फबाट वकालत गरेको थियो । जसभित्र परियोजनाहरु, जस्तैः माथि भनिइएको १३२ के.भि. भुलभुले मध्य-मर्स्याङदी प्रशारण लाईनमात्रै हैन न्यादी जलविद्युत, पिपुल्स हाइड्र, लिवर्टी हाइड्र चोटोखोला लमजुङ, हिमाल हाइड्रो, लेद्को दोर्दी ६, र किसेदी खोला परियोजना तथा सम्बद्ध परियोजनालगायतका थुप्रै विद्युत प्रसारण परियोजनाहरु पर्दछन्।

श्रृंखलावद्ध धेरै परियोजनाले पार्ने संचयी प्रभाव मूल्याङ्कनले यी सबै परियोजनाहरुको प्रभावहरु एकैसाथ कसरी लेखाङ्कन गर्न सकिनेछ भन्नेबारको विश्लेषण गर्न सक्नेछ।

नेपालको राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा श्रृंखलावद्ध धेरै परियोजनाले पार्ने संचयी प्रभाव विश्लेषणको आवश्यकताबारेमा निम्न कुराहरु समावेश गरेको छः

> “एक क्रियाकलापबाट उब्जिएको वातावरणीय प्रभाव महत्वपूर्ण नहुन सक्छ। यद्यपि, श्रृंखलाबद्ध तवरमा उस्तैखालका प्रभावहरु एकभन्दा बढी परियोजनाहरु अथवा एउटै परियोजनामार्फत् सिर्जित थुप्रै प्रभावहरुको संयुक्त असर भने महत्वपूर्ण हुनसक्छ । फलतः त्यस्तो संचयी प्रभावबाट इकोसिष्टममा भयानक प्रभाव पर्न सक्छ। ती परियोजनाहरुले उही स्रोतसाधनहरुको साझा प्रयोग गर्ने र एउटै विशेष क्षेत्रलाई असर पुऱ्याउने गर्दछन् । त्यसकारण संचयी प्रभावमाथि विशेष ध्यान दिनु आवश्यक छ।”

यूरोपियन संसदको निर्शेदिका २०११/९२/इयू *(Directive 2011/92/EU)* – र वातावरणमा सार्वजनिक तथा निजी परियोजनाहरुले पार्ने प्रभावबारे मूल्याङ्कन गर्ने परिषद् – ले उल्लेख गरेको छः

प्रस्तावित परियोजनाले वातावरणमाथि पार्ने मुख्य प्रभावहरुको व्याख्यामा परियोजनाको संचयी प्रभावहरु समावेश हुनुपर्दछ ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक हातेपुस्तकअनुसार, संरक्षित क्षेत्रबाट परियोजना लगिएमा यूरोपियन इन्भेष्टमेन्ट बैंकले संचयी प्रभाव मूल्याङ्कन गर्नको लागि नेतृत्वदायी भूमिका खेल्नुपर्छ । २२० के.भि. मर्स्याङदी कोरिडोर अन्नपूर्ण संरक्षण क्षेत्रभएर गएको छ, जुन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत संरक्षित क्षेत्रमा पर्दछ । त्यहाँ प्रशारण लाईनबाट प्रत्यक्ष वातावरणीय एवं सामाजिक प्रभावहरुमात्रै परेका छैनन्, त्यही संरक्षित क्षेत्र र क्षेत्रको आसपासमा अन्य सम्बन्धित जलविद्युत सेक्टर क्रियाकलापहरुमा समेत वृद्धि भएको छ । यसले लमजुङ जिल्लाका सबै जलविद्युत परियोजनाहरु र अन्नपूर्ण संरक्षण क्षेत्रभित्र र आसपासमा संचयी प्रभाव मूल्याङ्कन गर्ने आवश्यकता बढाएको छ ।

यद्यपि, हामी त्यस्तो कुनैपनि संचयी प्रभाव मूल्याङ्कन प्रक्रियाको अंग बनेका छैनौं । न हामीले त्यस्तो संचयी प्रभावहरुबारे जानकारी नै पाएका छौं । हामी यूरोपियन इन्भेष्टमेन्ट बैंकलाई नेपाली अधिकारी र परियोजना प्रबर्द्धक, र नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र यससँग सम्बद्ध अरु परियोजनाहरुको लागि संचयी प्रभाव मूल्याङ्कन गर्न सहयोग गर्नेहरुसँग परामर्श गर्ने सुझाव दिन्छौं । यो संचयी प्रभाव मूल्याङ्कन प्रभावित समुदायहरुको निरन्तर अर्थपूर्ण सहभागिताको साथमा गरिनुपर्दछ ।

## ई. रणनीतिक वातावरणीय प्रभाव मुल्यांकनको आवश्यकता

रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया एक क्षेत्र-आधारित योजना औजार हो, जसमा एकभन्दा बढी तर आपसमा सम्बन्धित एकैक्षेत्रमा रहेका परियोजनाहरुको विस्तृत मूल्याङ्कनको लागि एकै समूह बनाउने गरिन्छ । यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक सिद्धान्तहरु र मापदण्डहरुमा, यूरोपियन यूनियनभन्दा बाहिर पनि, भनिएअनुसार यूरोपियन इन्भेष्टमेन्ट बैंकको उधारकर्ताहरुले रणनीतिक पक्षहरु र वृहत क्षेत्र समावेश गर्नुपर्दछ, राष्ट्रिय, क्षेत्रीय वा स्थानीय अधिकारीद्वारा तयार पारिएको वा ग्रहण गरिएको कार्यक्रम वा योजनाको भागको रुपमा परियोजना निर्माण गरिएमा त्यसले यूरोपियन यूनियनभित्र रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कनको माग गर्दछ नेपाली सरकारको प्रशारण व्यवस्था योजनाले मुलुकलाई अञ्चलहरुमा विभाजन गरेको छ, र अञ्चलपिच्छे प्रशारण लाइनहरु रहेका छन् । २२० केभि मर्स्याङदी कोरिडोर तीन नम्बर अञ्चलको मुख्य भागको रुपमा रहेको छ । यद्यपि, राष्ट्रिय प्रशारण व्यवस्था योजनाले राष्ट्रिय वा अञ्चल स्तरको रणनीतिक वातावरणीय प्रभावहरुलाई एकदमै थोरै मात्रामा अपनाएको वा अपनाएकै छैन ।

नियोजित जलविद्युत क्षेत्र विकासको महत्वपूर्ण दायरा दिइएपछि त्यस्तो योजना वा उद्देश्यलाई यूरोपियन यूनियनमा आयोजना गरिन्छ भने त्यहाँ रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कनको खाँचो पर्दछ । परिणामतः यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक मूल्याङ्कन मापदण्डहरुभित्र लमजुङ र आसपासका क्षेत्रमा जलविद्युत क्षेत्र विकासको प्रभावहरुको रणनीतिक मूल्याङ्कनको लागि वातावरणीय प्रभाव मूल्याङ्कनको पनि आवश्यकता पर्दछ ।
यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक हातेपुस्तकले दोहोर्‍याउँछ कि यूरोपियन इन्भेष्टमेन्ट बैंकको प्रतिबद्धता छ, “प्रारम्भिक योजना बनाउने चरणदेखि र संस्था र योजना प्रक्रियाको संरचना परिमार्जनको लागि प्रभावको मूल्याङ्कन र जोखिम व्यवस्थापनसम्बन्धमा अहिले उपलब्ध उत्तम

विकल्पको रुपमा समग्रताको अवधारणा (holistic approach) विकास गर्दै विशिष्ट ("upstream") उपकरणको रुपमा रणनीतिक वातावरणीय मूल्याङ्कन प्रबर्द्धन गर्नेछौं ।"

उक्त हातेपुस्तकले थप अगाडि भन्छ कि यूरोपियन इन्भेष्टमेन्ट बैंकको एउटा उद्देश्य "रणनीतिक वातावरणीय मूल्याङ्कनमार्फत् योजना प्रक्रियाको क्रियाकलापबाट वातावरणीय एवं सामाजिक मूल्यमान्यताहरुलाई ध्यान दिएर परियोजना प्रभावित व्यक्ति, समुदाय र अन्य सरोकारवालाहरुको संलग्नतामा विकल्पहरुको छनोट गर्न, सञ्चयी र वृहत स्तरको प्रभावहरुलाई सम्बोधन गर्न र सहभागीतामूलक प्रक्रियाको अवलम्बन" को सुधार गर्नु हो ।

अन्तर्राष्ट्रिय दाताहरुले रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कनलाई उर्जा क्षेत्रका एकभन्दा बढी तथा सम्बन्धित परियोजनाहरुको नियोजित उपकरणको रुपमा अपनाएको थुप्रै उदाहरणहरु छन् । उदाहरणको लागि एशियन विकास बैंकको विद्युतीय योजनामा रणनीतिक वातावरणीय मूल्याङ्कन समावेश ("Integrating strategic environmental assessment into power planning") शीर्षकको प्रतिवेदन, र इन्टरन्यासनल फाइनान्स कर्पोरेशनको म्यानमारको जलविद्युत क्षेत्रको लागि गरिएको रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी काम हेर्नुहोस् ।

लमजुङ र त्यस आसपासका क्षेत्रहरुमा थप अरु विकासका कामहरु अघि बढाउँनुअघि रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियाको नेतृत्व लिनको लागि यूरोपियन इन्भेष्टमेन्ट बैंकलाई आह्वान गर्दछौं । आवश्यक परेमा र उचित भएमा, त्यस क्षेत्रका यूरोपियन इन्भेष्टमेन्ट बैंकको सहलगानीकर्ताहरु, जलविद्युत क्षेत्र परियोजनाहरुका दाताहरु जस्तै, चिनिया दाताहरु, विश्व बैंक, एशियाली विकास बैंक आदिसँगै नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनासहितको सहकार्यमा उक्त काम गर्न सकिनेछ ।

## ५. अबको बाटो

स्पष्ट रुपमा, यस परियोजनामा वातावरणीय एवं सामाजिक यथोचित प्रक्रियामा महत्वपूर्ण कमीकमजोरी रहेका छन् । असाध्यै सानो क्षेत्रको परियोजना मूल्याङ्कन गरिएको छ, सम्बद्ध सुविधाहरुको प्रभावहरु समावेश भएका छैनन्, र रणनीतिक र संचयी प्रभावहरुको एकदमै थोरै चित्रण गरिएको वा गर्दै नगरिएको अवस्था छ । अब, परियोजनाको कुनैपनि कामकाजहरु अगाडि बढाउनुपहिले वातावरणीय एवं सामाजिक दस्तावेजीकरणमा भएका यस्ता कमीकमजोरीहरुको समाधान गरिनुपर्ने समुदायहरुको चाहना हो ।

## ख. परियोजनाले अन्तर्राष्ट्रिय र घरेलु कानून र अभ्यासहरु अपनाउन असफल भएकोप्रति समुदायहरुको सरोकार

### अ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना, विशेषगरी २२० के.भि. मर्स्याङदी कोरिडोरमा उल्लेखित वातावरणीय र सामाजिक दस्तावेजीकरणमा भएको कमजोरी

परियोजनाको जोखिमतालाई संवेदनशील बनाउने भएपनि वातावरणीय एवं सामाजिक प्रभाव मूल्याङ्कन नगरिकनै नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना अगाडि बढिरहेकोप्रति हाम्रो सरोकार छ ।

नेपालको संविधानले स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । त्यस्तैगरी, वातावरण संरक्षण ऐन, २०५३ को धारा ३ अनुसार प्रमोटरले प्रारम्भिक वातावरणीय मूल्याङ्कन वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्दछ । ऐनको धारा ९(१) ले राष्ट्रिय सम्पदाहरुको संरक्षण कार्यलाई निर्दिष्ट गरेको छ । धारा १०(१) ले प्राकृतिक सम्पदा संरक्षण वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरुको संरक्षण गर्न निर्देश दिएको छ ।

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना एक संरक्षित क्षेत्र, अन्नपूर्ण संरक्षण क्षेत्र,बाट गएको छ । विशेषगरी त्यस क्षेत्रमा जलविद्युत क्षेत्र विकासका थुप्रै परियोजनाहरु रहेको हुँदा परियोजनाले राष्ट्रिय सम्पदा, खासगरी स्थानीय आदिवासी जनजातिहरुको प्राकृतिक र सांस्कृतिक सम्पदाहरु- र त्यस क्षेत्रमा पुस्तौदेखि बसोबास गर्ने अरु मानिसहरु-को संरक्षण कार्यलाई सुनिश्चित गर्नुपर्दछ ।

त्यसमाथि तल भनिएजसरी, रणनीतिक वातावरणीय मूल्याङ्कन र सञ्चयी प्रभाव मूल्याङ्कनको अभाव र परियोजनाको वातावरणीय एवं सामाजिक दस्तावेजीकरणमा अन्य कमजोरी र खाडलहरु रहेका छन् ।

#### *१. २२० के.भि. उदीपुर-भरतपुर सेगमेन्ट मर्स्याङदी कोरीडोरको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको स्वतन्त्र विश्लेषण*

स्वतन्त्र, पूर्वसूचित जानकारीसहितको मन्जुरी र अधिकारवादी मन्चको अनुरोधमा, ल अलाइन्स वर्ल्डवाइड नामक अन्तर्राष्ट्रिय संगठनका स्वतन्त्र वैज्ञानिकले २२० के.भि. उदीपुर-भरतपुर सेगमेन्ट मर्स्याङदी कोरीडोरको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनको अध्ययन गरे । यूरोपियन इन्भेष्टमेन्ट बैंकले निर्धारण गरेअनुरुप प्रारम्भिक वातावरणीय मूल्याङ्कनले वातावरणीय र सामाजिक मूल्याङकन मापदण्डहरु पूरा गर्दछ । स्वतन्त्र वैज्ञानिकहरुले परियोजनाको खाका, योजना र कार्यान्वयनको सन्दर्भमा प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा स्पष्ट त्रुटिहरु फेला पार्‍यो ।
इएलएडब्लुका वैज्ञानिकहरुले फेला पारेका त्रुटिहरु:
१. ट्रान्समिसन लाइनको स्थानको भौगोलिक रेखा चित्र  सही नभएको;
२. ट्रान्समिसन तारहरुको मुनि भएका मानिसहरुसँग सल्लाह गर्नमा असफल भएको;
३. रुट छनोट कार्यको विश्लेषण राम्रोसँग सम्पन्न नगरिएको;
४. सार्वजनिक सुरक्षा असरहरुको सही सम्बोधन नगरिएको;
५. ती क्षेत्रमा रहेका वनस्पति तथा जीवजन्तुहरुको अपर्याप्त मूल्याङकन;
६. जंगलमाथि पर्ने असरहरु विश्वासनीय तवरमा कम नभएको;
७. समग्र परियोजनाको लागि एकैसाथ मूल्याङ्कन गर्नुको सट्टा परियोजनाका साना भागहरुको छुट्टै मूल्याङ्कन गरिएको;
८.  लमजुङमा सबै परियोजनाहरुबाट बढ्दो प्रभावहरु हेर्न असफल भएको; र,
९.प्रारम्भिक वातावरणीय मूल्याङ्कन भन्दा पहिले रणनीतिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न असफल भएको ।

हाम्रा सल्लाहकारहरुले यूरोपियन इन्भेस्टमेन्ट बैंकलाई वातावरणीय कानुनी विश्व सन्जाल (Environmental Law Alliance Worldwide- ELAW) प्रतिवेदन पत्रको रुपमा ९ अगष्ट २०१८ मा इमेलमार्फत् पठाएको थियो । हामीले वातावरणीय कानुनी विश्व सन्जाल (Environmental Law Alliance Worldwide- ELAW) प्रतिवेदनमा उठाइएका त्रुटिहरुबारे विस्तृत प्रतिक्रिया प्राप्त गर्न बाँकी रहेको छ ।

## २. *यूरोपियन इन्भेष्टमेन्ट बैंकले कायम राख्न नसकेको आफ्ना वातावरणीय र सामाजिक प्रतिबद्धताहरु*

यूरोपियन इन्भेष्टमेन्ट बैंकको करार प्रदान गर्नुअघि पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना र गुनासा निवारण संयन्त्र पूरा गर्ने वास्तविक प्रतिबद्धताहरु घटेको देखिन्छ । त्यसमाथि, वातावरणीय तथा सामाजिक प्रभावहरुको अनुगमन र रिपोर्टिङको अभाव पनि रहेको छ ।

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको लागि तयार पारिइएको यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय र सामाजिक तथ्याङ्क- जुन हामीले बुझअनुसार बैंकको व्यवस्थापनले यूरोपियन इन्भेष्टमेन्ट बैंकको बोर्ड अफ डिरेक्टर्सलाई बुझाएको हुनुपर्दछ- सीटअनुसार “करार लिनेले पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना र गुनासा निवारण संयन्त्रअन्तर्गत अनियमित पुनर्वास वा आदिवासी जनजातिहरुमा पर्ने प्रभावहरुको सुनिश्चिता गरेको कुरालाई आधिकारिक निकायहरुबाट स्विकृति प्रदान गरी बैंक समक्ष पेश नगरेसम्म करारनामा प्रदान गरिने छैन” । यद्यपि आवश्यक कागजातहरुको निधो हुन्जेलसम्म ती प्रतिबद्धताहरुलाई पर्खेपछि  डिसेम्बर २०१७ मा यूरोपियन इन्भेष्टमेन्ट बैंकले जनाएअनुसार “२२० के.भि.को मर्स्याङ्दी कोरिडोरको लागि पुनर्वास र आदिवासी जनजातिहरुको योजना प्रक्रिया पनि चालू रहेको छ । जसले कामको अनुबन्ध प्राप्त गरिसकेपछि ति कुराहरुको अन्तिम ढाँचा तयार पार्नेछ”।

टावर निर्माणका कारण परियोजना प्रभावितहरुका लागि पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना निर्माण र ठेकेदारहरु परिचालित हुनु अगावै र अन्तिम टावरको काम हुनुपूर्व तिनको कार्यान्वयनको अपेक्षा गरिएको कुरा यूरोपियन इन्भेष्टमेन्ट बैंकले हाम्रा परामर्शदाताहरुलाई जानकारी दिएका थिए । तर टावर ठड्याउन थाल्नुअघि २२० के.भि. क्षमताको मर्स्याङ्दी कोरिडोर परियोजना प्रभावितहरुको पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना तयार भइसक्नुपर्ने र टावर ठड्याइसकेपछि तर तारहरु तन्काइनुअघि लागू गर्नुपर्ने अपेक्षा गरिएको थियो

परियोजनाको क्रममा कुनैपनि भौतिक एवं आर्थिक विस्थापन हुनुअघि पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना लागू गरिने सुझाव दिंदै उक्त इमेलले सम्बन्धित स्थानहरुमा पुनर्वास तथा आदिवासी जनजातिहरुको योजना लागूको समयबारे स्पष्टीकरण दिने प्रयत्न गरेको थियो । तर परियोजनाको लक्ष्यसम्म पुग्ने क्रममा त्यो एउटा पहिल्यै भइसकेको कुरा हुने र त्यसबारे थप कुराकानीको प्रयोजन नरहने हुँदा त्यो एक भ्रमित दिशा हो । त्यसले परियोजना प्रभावितहरुसँगको कुनैपनि खालको परामर्शहरुलाई यथार्थ परामर्शको रुपमा लिने र परियोजनाको खाका, योजना र कार्यान्वयनलाई परिवर्तन गर्न स्विकृति प्रदान गर्दैन ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकले उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा गुनासा निवारण संयन्त्र समावेश गरेको कुरा औंल्याइएको थियो । यद्यपि, प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा गुनासा निवारण संयन्त्रसम्बन्धी एक अनुच्छेद रहेको छ । उक्त अनुच्छेदमा प्रारम्भिक वातावरणीय मूल्याङ्कनले  परियोजना, स्थानीय सम्बन्धित अधिकारीहरु, नागरिक समाज र परियोजना प्रभावितहरुको प्रतिनिधित्वमा जिल्ला तहमा एक “गुनासा निवारण संयन्त्र सेल” गठन गर्ने भनिइएको छ । जसले वातावरणीय तथा सामाजिक गुनासाहरु लिने र सम्बोधन गर्ने काम गर्दछ । गुनासा निवारण संयन्त्रबारे र त्यो निर्माण गरिए नगरिएकोबारेमा अहिलेसम्म हामीलाई जानकारी प्राप्त भएको छैन ।

यो उजुरी दिइरहँदा, मनाङ-उदीपुर वातावरणीय प्रभाव मूल्याङ्कन र पूनर्वास तथा आदिवासी जनजातिहरुको योजना बैंकको बेवसाइटमा अझैपनि उपलब्ध गराइएको छैन । डिसेम्बर २०१७ मा, यूरोपियन इन्भेष्टमेन्ट बैंकले जनाएअनुसार “मनाङ-उदीपुर प्रशारण लाइनको वातावरणीय प्रभाव मूल्याङ्कन सुचारु रहेको र प्रतिवेदनको पहिलो मस्यौदा आउँदो वर्षको ६ महिनाभित्र आउने आशा गरिएको थियो ।” २०१८ को मध्यसकिएपछि जब हामीले त्यसबारेमा सोध्यौं, यूरोपियन इन्भेष्टमेन्ट बैंकले जवाफ पठायो, “मनाङ-उदीपुर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अन्तिम मस्यौदा अहिलेसम्म हामीसँग छैन ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय एवं सामाजिक तथ्याङ्कसीटमा भनिएको छ, “नेपाल विद्युत प्राधिकरणले बैंकलाई अर्धवार्षिक अनुगमन प्रतिवेदनहरु पठाउँन आवश्यक छ ।” यद्यपि, हाम्रो जानकारीमा आएसम्म, अहिलेसम्म कुनैपनि त्यस्तो वातावरणीय एवं सामाजिक अनुगमन प्रतिवेदन छैन । परियोजनाको पुनर्वास र आदिवासीहरुको योजना र वातावरणीय एवं सामाजिक व्यवस्थापन कार्यक्रमको कार्यान्वयनपछि मात्रै त्यो कामको थालनी हुने कुराको संकेत बैंकले दिएको थियो । तर, परियोजनाका लागि महत्वपूर्ण योजनाहरु, खाकाहरु र कार्यान्वयन कार्यहरु पहिल्यै नै लिइसकिएको र त्यसले वातावरणीय एवं सामाजिक प्रभावहरु पार्नेछ भन्ने निर्णयहरु गरिसकिएको छ । यूरोपियन इन्भेष्टमेन्ट बैंकले त्यस्तो प्रतिवेदनबिना महत्वपूर्ण अनुगमन सूचनालाई छुटाइरहेको छ । ती अनुगमन प्रतिवेदनहरुको अभावमा परियोजना पारदर्शिता बनाउने अवसर समेत गुमेको छ ।

### *३. अबको बाटो*

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका लागि वातावरणीय तथा सामाजिक दस्तावेजीकरणमा रहेका परियोजनाकेन्द्री विशेष खाडलहरु, खासगरी २२० के.भि. मर्स्याङ्दी कोरिडोरलाई अभ्यासमा लागू गर्नको लागि कदमहरु चलिनुअघि ती उपायहरु अपनाउनु जरुरी छ ।

## आ. परियोजनाबारे परामर्श र त्यसका असरहरु र पर्याप्त सूचनाहरुको सम्प्रेषण/खुलासाको अभाव

### *१. परामर्श र जानकारी खुलासाका लागि यूरोपिन इन्भेष्टमेन्ट बैंकको मापदण्डहरु*

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक सिद्धान्तहरु र सार्वजनिक परामर्शको परिभाषित मापदण्ड (Standards define Public Consultation) निम्न छन्:

> योजना अधिकारी वा योजना विकासमार्फत् प्रस्तावनाहरुबारे सर्वसाधारणलाई एउटा प्रक्रियाद्वारा सार्वजनिक रुपमा जानकारी दिइ त्यसमाथि प्रतिक्रियाहरु दिनको लागि आह्वान गरिनेछ ।सार्वजनिक परामर्श सार्वजनिक सहभागिताको एउटा महत्वपूर्ण भाग हो र यसलाई वातावरणीय प्रभाव मूल्याङ्कनमा सँधै समावेश गर्ने गरिन्छ । परामर्शलाई परियोजना दाता र सर्वसाधारणबीच दुईतर्फी उचित सांस्कृतिक संवाद व्यवस्थापनको एउटा अस्त्रको रुपमा परिभाषित गरिएको छ । यसको लक्ष्य परियोजनामा व्यक्तिहरु, समूहहरु र संगठनहरुको सक्रिय संलग्नतामार्फत् निर्णय गर्ने कामलाई परिष्कृत गर्न र समझदारीता निर्माण गर्नु हो । त्यस्तो संलग्नताले परियोजनाको दीगोपन बढाउने र स्थानीय प्रभावित व्यक्तिहरु र अन्य सरोकारवालाहरुको लागि लाभहरुको बृद्धि गराउने गर्छ ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक सिद्धान्तहरु र एक कठोर र परामर्श र सूचनाहरुको खुलासामार्फत् प्रभावित समुदायहरुको सहभागिताको प्रक्रिया परियोजना सफलताको लागि महत्वपूर्ण छः

> सूसुचित संलग्नताद्वारा सहयोग तथा स्थानीय अपनत्वमा वृद्धिको माध्यमबाट परामर्श र सहभागिता लगानी दिगोपनको लागि प्रमुख कुरा हुन् । अझ, परियोजनाबाट प्रभावितहरुको अधिकारहरु सुनिश्चित गर्नको लागि अर्थपूर्ण संवाद र सहभागिताको निर्णायक भूमिका रहन्छ । This includes the rights to due process via recourse to independent appeal and arbitration procedures in the case of disputes. जस्तै, सार्वजनिक परामर्श भनेको बैंकको वातावरणीय तथा सामाजिक सुरक्षाकवचको एक सामान्य मापदण्ड हुनुको साथै यसलाई विशेष सामाजिक सवालहरुमा अपनाइदै आएको पनि हो जस्तै अनियमित पुनर्स्थापना/पुनर्वास ।

त्यसबाहेक, यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक सिद्धान्तहरु र मानकहरुमा उल्लेख छ “यूरोपियन युनियनबाहिर, बैंकको परामर्श र सहभागितासम्बन्धी मापदण्डलाई राष्ट्रिय कानूनले तोक्ने गर्दछ ।” यद्यपि नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना जसरी कार्यान्वयन

गरिइएको छ, त्यसले नेपाली कानून, सूचनाको हक पाउने संवैधानिक अधिकार, भाषाको हक र सम्मानपूर्वक बाँच्नपाउने हकको समेत उल्लंघन गरेको कुरा निम्न उपखण्डहरुमा देखाइएको छ ।

## आ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको सूचनाको हकको उल्लंघन

### *१. सूचनाको हक*

जलविद्य’त क्षेत्र विकासस्रोतहरुमाथिको पहुँचसम्बन्धी स्थानीयवासीहरुको अधिकारको लागि संविधान, कानूनहरु र नीतिहरुमा थुप्रै प्रावधानहरु रहेका छन् । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र लमजुङ जिल्लामा भएका जलविद्युत क्षेत्र विकासले व्यक्ति तथा समूहसँग परामर्श गर्न असफल भएर यी अधिकारहरुको उल्लंघन गरेको छ ।
नेपालको संविधानमा मौलिक हकअन्तर्गतको धारा २७ मा “प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनैपनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ” भनेर नागरिकको सुचनाको हक सुनिश्चित गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले परिभाषित गरेअनुसार, “सूचनाको हक” भन्नाले “सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।”

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय परिषद्हरुमार्फत् परियोजनाको पहिचान, निर्माण, योजना र कार्यान्वयन गरी विकासका प्रक्रियाहरुमा आदिवासी जनजाति र स्थानीयहरुको सहभागिता गराउँनैपर्ने नियम राखेको छ ।यो ऐन स्थानीय शासन सञ्चालन ऐन २०७४ आउनुअघिसम्म कार्यान्वयनमा रहेको थियो र सोही ऐन अन्तर्गन नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना पनि सञ्चालित थियो । त्यसमाथि वातावरणीय सुरक्षा नियमावली २०५४ अनुरुप पनि प्रस्तावित परियोजनाको योजनाको लागि सार्वजनिक परामर्श आवश्यक छ ।

### *२. सूचनाको हकको उल्लंघन*

लमजुङको २२० के.भि. क्षमताको मर्स्याङदी कोरिडोर र त्ससँग आबद्ध परियोजनाहरुबाट प्रभावित व्यक्तिहरुको सहभागिताबिना र उनीहरुको सहभागिताको सुनिश्चितता नगरिकन सार्वजनिक परामर्शहरु गरिएको पाइएको छ । परियोजनाबारे अर्थपूर्ण व्यक्ति-व्यक्तिपिच्छे वा सामूहिक स्तरको परामर्शको अभाव भएको थियो ।

कुनैपनि वातावरणीय तथा सामाजिक मुल्यांकनमा  परियोजनाद्वारा प्रभावित स्थानीय व्यक्तिहरुसँगको सल्लाह हुनैपर्दछ । मर्स्याङदी कोरिडोर परियोजनमा टावर र तारहरु (जुन टावरहरुबीचमा टाँगिइएका छन्) रहेका छन् । परियोजनाको कूल जमिनमध्ये ५% भन्दा कम जमिन टावरहरुले ओगटेका छन् । परियोजनाको बाँकी ९५% जमिनमाथि ट्रान्समिसन तारहरु टाँगिइएका छन् ।

तर, प्रारम्भिक वातावरणीय मूल्याङ्कनले उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको २२० के.भि.को मर्स्याङदी कोरिडोर क्षेत्रले ओगटेको जमिनमा बस्नेहरुको जग्गालाई मात्रै परियोजनाको ट्रान्समिसन टावरहरु निर्माणबाट प्रभावित भएकाहरुको रुपमा लिएको छ । ट्रान्समिसन तारहरुको मुनि परेका जमिनमा बस्ने मानिसहरुको जग्गाबारे प्रारम्भिक वातावरणीय मूल्याङ्कन सर्भे गरिएन र स्वस्थ/उचित परामर्श समेत गरिएन । यसले तारहरुको मुनिका जग्गाहरुमा बसोबास गर्ने स्थानीयबासीहरु र ट्रान्समिसन लाइन नजिकै बस्नेहरुमा पर्न गएको भौतिक प्रभावहरुलाई पर्याप्त मात्रामा खुट्याउन सकेन । यदि परियोजनाको क्रममा प्रभावित स्थानीयबासीहरुलाई निषेध गरिन्छन् र सीमामा बाँधिइन्छन् भने निर्णयकारहरुले परियोजना स्विकृति पाउनुपूर्व उनीहरुको धारणाहरुलाई बुझ्नुपर्छ । टावरहरु ठड्याइएका ठाउँका स्थानीयबासीहरुसँग मात्रै नभएर टावर र तारहरुको मुनि पर्ने सबै स्थानीयबासीहरुसँग सल्लाह र परामर्श गर्नु अत्यावश्यक छ ।

२२० के.भि.को मर्स्याङदी कोरिडोरको एउटा सेगमेन्टको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन गरि सकिएको र अर्को सेगमेन्टको लागि वातावरणीय प्रभाव मूल्याङ्कन हुने तयारीमा रहेको भएपनि धेरै मानिसहरुलाई आफ्नो जमिनमाथिबाट ती तारहरु टाँगिइएको कुरासमेत थाहा छैन । परियोजनाका टावरहरु बनाइसक्ने बेलासम्ममा प्रशारण लाइन क्षेत्रका प्रभावित समुदायहरुसँग अर्थपूर्ण परामर्श गर्नको लागि अनावश्यक ढिलासुस्ती गरिइएको छ । यद्यपि टावरहरु ठड्याउने समुदायहरुले समेत परियोजनासम्बन्धी आफूहरु अलमलमा रहेको र सूचनाको अभाव महसुस गरेको बताएका थिए । केहीले आफ्ना जग्गाहरुमा रहेका ढुंगाहरुमा रातो रंगले चिन्हहरु देखेर आश्चर्य प्रकट गरेका थिए । आसपासमा सोधेपछि उनीहरुले थाहा पाएका थिए कि त्यो चिन्हले टावरको उच्च भोल्टेजयुक्त ट्रान्समिसन लाइनको क्षेत्र भनेर दर्शाउन खोजिएको हो ।

परियोजना समूहका सदस्यहरु अघोषित जग्गाहरु लिन आएका बेला केही समुदायका सदस्यहरु वा उनीहरुका परिवारहरु उपस्थित थिए । परियोजना समूहका सदस्यहरुले केही समुदायका सदस्यहरुलाई परियोजनाबाट प्रभावित हुन सक्ने कुरा फितलो पारामा बताएका थिए । यद्यपि, समुदायका सदस्यहरुले परियोजना समूहका सदस्यहरुलाई प्रश्नहरु सोध्दा आफूहरुले परियोजना र त्यसको प्रभावहरुबारे एकदमै कम वा कुनैपनि सूचना नै नपाएको बताएका थिए । केही समुदायका सदस्यहरुले सार्वजनिक परामर्शबारे सुनेको भएपनि त्यसबारे पूर्व सूचना नपाएको हुनाले सहभागी नभएको पनि बताएका थिए ।

सारमा, प्रसारण लाइन अधिकार क्षेत्रका प्रभावितहरु, टावर राखिएका ठाउँका जग्गाधनीहरु व प्रसारण लाइनको बाटो आसपासमा रहेकाहरु सबैले परियोजना र त्यसको प्रभावहरुबारे थोरै सूचना पाएका थिए वा कुनैपनि सूचना पाएका थिएनन् । प्रभावितहरुसँगको व्यक्तिपिच्छे वा सामूहिक परामर्शको अभाव रह्यो । जब परामर्श भयो, समुदायहरुले सूचना पाएनन् र अर्थपूर्ण सहभागिता हुने अवसर उनीहरुले गुमाए । प्रभावित मानिसहरुलाई आवश्यक छलफलहरु गर्नबाट वञ्चित गरिनु र उनीहरुलाई केही जानकारी दिन असफल हुनलाई परामर्श गरिएको वा सूचनाको खुलासा गरिएको मान्न सकिदैन ।

## इ. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको भाषाको हकको उल्लंघन

संविधानको मौलिक हकअन्तर्गत धारा ३२ मा "भाषा तथा संस्कृतिको हक"को रुपमा "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो सांस्कृतिक जीवनमा सहभागी हुन पाउने" अधिकार दिइएको छ। संविधानका धारा ३२(३) ले "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ" भनेर स्वतन्त्रअधिकार प्रदान गरेको छ। यसमा वृहत र पहुचयोग्य सूचना सम्प्रेषण र परामर्श प्रक्रियाको खाँचो पर्दछ, जसमार्फत् समुदाय र प्रबर्द्धकहरुले सांस्कृतिक प्रभावहरु बुझ्न सक्नेछन्। विशेषत जमिनसँग ऐतिहासिक सम्बन्ध राख्ने आफ्नै मौलिक भाषा र आफ्ना प्रथाजनिक कानूनहरुमार्फत् शासन सञ्चालन गर्दै परम्परागत रुपमा आफ्ना जीवनयापन गर्दै आइरहेका आदिवासी समुदायहरु रहेका ठाउँहरुमा यसको आवश्यकता पर्दछ ।

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका लागि निर्मित यूरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरणको वातावरणीय तथा सामाजिक यथोचित दस्तावेज मूलत अंग्रेजी भाषामा रहेको छ। यद्यपि, धेरै प्रभावित स्थानीयवासीहरु, आदिवासी जनजातिसमेत, मा खस नेपाली भाषामाथिको पकडको स्तर समेत न्यून रहेको छ। अधिकांश आदिवासी जनजातिहरु प्रायः आफ्ना मातृभाषा बोल्ने गर्दछन्, जस्तै गुरुङ, तामाङ, घले, मगर, नेवार आदि । अंग्रेजी भाषामा निर्मित लामो प्राविधिक प्रतिवेदन सूचना सम्प्रेषणको दृष्टिकोणबाट उनीहरुको पहुँचयोग्य छैन ।

## ई. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लंघन

संविधानमा मौलिक हकअन्तर्गत प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गरिएको छ।त्यस्तै, आदिवासी जनजातिहरुले पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार पनि संविधानमा सुनिश्चित गरिएको छ।स्थानीय नियमावलीमा भनिइएको छ, "घरमाथिबाट कुनै किसिमको विद्युत लाइनहरु लानुहुँदैन" ।

कानूनी प्रावधानहरुको बाबजुद, २२० के.भि. मर्स्याङदी कोरिडोर ट्रान्समिसन लाइन घरहरु, समुदायहरु, जग्गा र सामुदायिक स्रोतहरु, पर्यावरणीय स्रोतहरुसहितको माथिबाट लगिएको र प्रभावित मानिसहरुलाई पर्याप्त सूचना र जानकारी उनीहरुको पहुँचमा हुनेगरी नदिइएको कुरामा हाम्रो सरोकार रहँदै आएको छ। स्वतन्त्र पुर्व सुसुचित जानकारीसहितको मञ्जुरी र अधिकार मञ्चका नेतृत्वकर्ताहरु २२० के.भि. मर्स्याङदी कोरिडोरको रुटमा हिडेका थिए। बिडम्बना, त्यहाँका धेरै मानिसहरुलाई ती तारहरु कहाँबाट लगिइएका छन् र त्यसले उनीहरुलाई असर गर्नेछ भन्ने कुराबारेसमेत अनभिज्ञ थिए, यद्यपि परियोजनाको नक्शाङ्कन गरिएपछि उनीहरु प्रभावित छन् भन्ने सुझाव दिएको थियो।
सम्बन्धित समुदायको रुपमा, हामीले नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र त्यस क्षेत्रका आबद्ध जलविद्युत क्षेत्र विकासजलविद्य'त क्षेत्र विकासको स्वास्थ्य, सुरक्षा, आर्थिक, वातावरणीय र सामाजिक असरहरुबारे उनीहरुलाई जानकारी उपलब्ध गराउनुपर्दछ। ताकी परियोजनाको निर्णायक कामहरुमा सूसुचित र समान साझेदारको रुपमा उनीहरुले सहभागिता जनाउन सकुन्। त्यसो नभएमा परियोजनाले हाम्रो सम्मानपूर्वक बाँच्न पाउने अधिकार उल्लंघन गर्नेछ।

## उ. सर्वोच्च अदालतले समुदायको पक्षमा गरेको महत्वपूर्ण फैसला

काठमाडौँ सडक विस्तार परियोजनासम्बन्धी नेपालको सर्वोच्च अदालतको पछिल्लो ल्याण्डमार्क रुलिङले स्थानीय प्रभावित मानिसहरुसँगको परामर्शको महत्वलाई अधिकारकेन्द्री विकासको वृहत फ्रेमवर्कको एक अंगको रुपमा पक्का गरेको छ। ४७ स्थानीयहरुले प्रभावित पक्षहरुलाई क्षतिपूर्तिबिना नेपाल सरकारको त्रिभुवन राजमार्ग विस्तारको निर्णय विरुद्धमा मुद्दा दायर गरेका थिए । सरकारले नागरिक अधिकारहरुको साथमा संरचनाको विकासमा सन्तुलन कायम गर्नुपर्ने र वातावरणीय तथा पुरातात्विक महत्वका साइटहरुमा पर्ने प्रतिकूल असरहरुबाट जोगिनुपर्ने कुरालाई अदालतले दोहोर्‍यायो ।

नेपालको सर्वोच्च अदालतले सरकारले- आफ्ना अधिकृत वा एजेन्सीहरुमार्फत- व्यक्तिगत सम्पत्तिमाथि हस्तक्षेप गर्न जबर्जस्ती शक्ति प्रयोग गर्ने गरेको कुरालाई नियाल्यो । जुन शक्ति सम्पत्तिमाथिको अधिकार र अरु संवैधानिक तवरमा संरक्षित अधिकारहरु जस्तै स्वच्छ वातावरण, घर, हिडडुल र आर्थिक जीविकोपार्जनको सन्दर्भमा प्रत्यक्ष रुपमा प्रयोग गरिएको छ । त्यसमाथि अदालतले थप समग्रताको अवधारणा (होलिस्टिक अप्रोच) मार्फत् जबर्जस्ती विस्थापतबाट आर्थिक रुपमा विपन्न समुदायहरुमाथि पर्न गएको अन्यायले शिक्षाको अधिकार, धार्मिक स्वतन्त्रता, भाषा र संस्कृतिमा पारेको नकारात्मक प्रभावहरुको पहिचान गरेको छ। अदालतको फैसलामा नेपालको संविधानले आर्थिक रुपले विपन्न समुदायको अधिकार एवं नागरिक सहभागिताको वृद्धि र परियोजनाहरुमा समुदायको सहभागितालाई सुनिश्चित गरेको कुरालाई अवलम्बन गरिएको खण्डमा विकासका परियोजनाहरुलाई समयमा सम्पन्न गर्न, त्यसबाट समुदायहरुदेखि सबैलाई लाभान्वित हुन सक्ने कुरा गरिएको छ । अदालतको परमादेशमा विकास निर्माण तथा परियोजना सञ्चालन गर्दा अधिकारहरुको सम्मान गरिनुपर्ने, वातावरणको संरक्षण र पूरातात्विक महत्वका विषयहरुलाई ती परियोजनाहरु सञ्चालनको बेलामा विशेष ध्यान दिनुपर्ने कुरा जारी गरिएको छ ।

काठमाडौँ सडक विस्तारको घटनाजस्तै मर्स्याङदी कोरिडोर पनि एउटा एकरेखिय पूर्वाधार परियोजना हो । परियोजनाले व्यक्तिगत जमिनहरुमाथि व्यापक प्रभाव पारेपनि प्रभावितहरुसँगको परामर्श र पर्याप्त क्षतिपूर्तिको सुनिश्चितता गर्न असफल रह्यो । प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा देखिएको कमीकमजोरीहरुले वातावरणीय रुपमा प्रतिकूल असर पारेको कुरालाई बुझ्न सकेको छैन । अधिकारकेन्द्री सामुदायिक निर्णयको प्रक्रियामा समुदायहरुलाई उनीहरुको क्षतिपूर्तिलाई कसरी निर्धारण गरिन्छन् भन्नेलगायतका शतप्रतिशत र पूरा सूचना उपलब्ध गराउनुपर्दछ । यद्यपि, वातावरणीय कानुनी विश्व सञ्जाल (Environmental Law Alliance Worldwide- ELAW) को प्रतिवेदनमा उल्लेख भएअनुसार, प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा भएको सूचना न शतप्रतिशत छ न त पूरा नै ।
जब वृहत पूर्वाधारका परियोजनाहरु सूचनाको सम्प्रेषण र खुलासा र परामर्शबिना अगाडि बढाइन्छन्, मनोसामाजिक तहमा त्यसले मनोवैज्ञानिक तनाब र समुदायभित्र विभाजनहरु ल्याइदिन्छ ।

## ऊ. अबको बाटो

परामर्श र सूचना सम्प्रेषणबारे समुदायको मागसन्दर्भमा सेक्सन Section **Error! Reference source not found.** को पृष्ठ २३ र एफपीकको समाधानको अभावबारेको उपखण्डको अबको बाटो शीर्षक हेर्नुहोस् ।

## ३. परियोजनाबाट प्रभावित स्थानीय समुदाय विशेषगरी आदिवासीहरुसँग स्वतन्त्र, पुर्वसुचित जानकारीसहितको मञ्जुरी कायम नगरिएको

गुरुङ, तामाङ, घले, मगर, नेवार आदिको रुपमा आदिवासी जनजातिको रुपमा पहिचान गराउने सबै समुदायहरुमाथि हुने नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको प्रभावलाई संवैधानिक संरक्षण प्रदान गरिएको छ । अन्तर्राष्ट्रिय तथा नेपालकै कानूनी मापदण्डअनुरुप यूरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरण उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको खाका निर्माण तथा कार्यान्वयनमा आदिवासी जनजातिहरुप्रति उत्तरदायी बन्न सकेको देखिदैन ।

### *१. नेपालको कानूनबारे जानकारी*

नेपालमा आदिवासी जनजातिहरुका अधिकारहरुलाई संवैधानिक एवं नेपालको कानूनहरुअर्न्तगत किटान गरिएका छन् । उनीहरुलाई नेपालको संविधानमा र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ अन्तर्गत आदिवासी जनजातिको पहिचान दिइएको छ । उक्त ऐनले ५९ आदिवासी जनजाति समूहको सूचीकरण गरेको छ, यद्यपि उनीहरु त्यसभन्दा बढी समूहमा रहेका छन् । नेपालको राष्ट्रिय आवधिक योजनाका विविध खण्डहरुअन्तर्गत पनि आदिवासी जनजातिहरुको उल्लेख गरिएको छ ।संविधानले आदिवासी जनजाति आयोग र थारु आयोग स्थापना गर्ने कुरासमेत निर्दिष्ट गरेको छ ।

### *२. अन्तर्राष्ट्रिय कानुनबारे जानकारी*

नेपालको कानूनअनुसार अन्तर्राष्ट्रिय कानूनहरु राष्ट्रिय कानुनभन्दा उच्च हुनेछन् । नेपाल सन्धी ऐन, २०४७ अनुसार अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु राष्ट्रिय कानून सरह मान्य हुने र यदि ती कानूनहरु आपसमा बाँझिएको खण्डमा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु मान्य हुनेछन् ।

नेपाल सरकारले आफ्नो सीमाभित्रको मानव अधिकारहरुको सम्बर्द्धन र संरक्षण गर्न अन्तर्राष्ट्रिय दायित्व सिर्जना थुप्रै सन्धि सम्झौताहरु गरेको छ । महत्वपूर्ण कुरा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (“ICCPR”), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (“ICESCR”), अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि संख्या १६९ आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि (“ILO 169”), सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि ("ICERD"), आदिवासी जनजातिको मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र(“UNDRIP”)हरुको अनुमोदन गरी नेपाल पक्ष राष्ट्र बनेको छ । यी महासन्धीहरुले नेपाली नागरिकहरुको स्वतन्त्र, पूर्वसूचित जानकारीसहितको मञ्जुरी, उनीहरुको परम्परागत जीवनपद्धति र जीवनयापका क्रियाकलापहरु, उनीहरुको थातथलो र भूभाग र प्राकृतिक स्रोत साधनहरुसँगको अन्योन्याश्रितपन, परामर्श, निर्णय कार्यमा सहभागिता, र, उनीहरु आफैले विकासको प्राथमिकताको निर्धारण गर्ने कुराहरुको सुनिश्चितता गरेको छ ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक सिद्धान्तहरु र मानकहरुमा स्पष्टसँग भनिएको छ, “यूरोपियन यूनियनबाहिरका प्रमोटरहरु जसले यूरोपियन इन्भेष्टमेन्ट बैंकको लगानी

खोज्छन्, उनीहरुले सामाजिक सिद्धान्तहरुअन्तर्गत बलजफ्ती पुनर्वास, आदिवासी जनजाति तथा अन्य जोखिमयुक्त समूहहरु, [...] र कामकाजी र सामुदायिक स्वास्थ्य तथा सुरक्षाहरु अपनाउनुपर्दछ।”

आदिवासीहरुको भूभागहरुमा विकासका परियोजनाहरु सञ्चालन गर्ने सम्बन्धमा आदिवासीहरुको स्वतन्त्र, अग्रीम सूसूचित जानकारीसहितको मञ्जुरीलाई आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १९ र ३२ अन्तर्गत खुलाइएको छ। जुन भिटो अधिकारको रुपमा नभइकन विकासका परियोजनाहरुबाट प्रभावित आदिवासी जनजातिहरुसँग परियोजना सञ्चालन गरिनुपूर्व सही नियतले परामर्श गर्नुपर्ने र उनीहरुलाई प्रस्तावित परियोजनासम्बन्धी पूरा जानकारी प्रदान गरेर परियोजनामाथि स्वतन्त्र र जानकार भइ आफ्नो सहमति वा विमति राख्न दिनुपर्नेछ।

अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धि महासन्धि संख्या १६९ को धारा ६ अनुरुप ले आदिवासी जनजातिहरुको अधिकार प्रभावित हुने कुनैपनि निर्णयबारे परामर्श लिनुपर्ने, उनीहरुलाई असर गर्ने खालका निर्णयहरुमा सहभागि गराउनुपर्ने, सही नियतयुक्त प्रक्रियामार्फत् आवश्यकताअनुसार परियोजनाको खाका परिमार्जन, योजना र कार्यान्वयन र अनुगमन गर्न उनीहरुको सहमति खोजिनुपर्दछ। समुदायका सदस्यहरुको बलपूर्वक पुनस्थापनाको सम्भावना- नतिजास्वरुप शुरुमा भौतिकरुपमा विस्थापन हुने तर आर्थिक विस्थापनको पनि उत्तिकै सम्भावना रहने-मा धारा १६(२) अन्तर्गत एक उच्च तहको परामर्श गर्नुपर्ने हुनसक्छ। जसमा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रअन्तर्गत आदिवासी जनजातिहरु “स्वतन्त्र र सूसुचित” भएर उनीहरुसँग परामर्शको आवश्यकता पर्दछ।
आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धी संख्या १६९ दुबै अन्तर्गत आदिवासी जनजातिहरुसँग आफ्ना विकासका प्राथमिकताहरु निर्धारण गर्ने र व्यवधानविहिन बनाउने र आफ्ना जमिनहरुको प्रयोगको सूसुचित छनौट गर्ने स्पष्ट अधिकार रहेको हुन्छ।

## *३. अन्तर्राष्ट्रिय तथा नेपालको कानून उल्लंघन*

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाको कार्यान्वयन र सम्बद्ध जलविद्युत क्षेत्र विकासले नेपालको कानून तथा अन्तर्राष्ट्रिय दायित्वहरुको उल्लंघन गरेको छ। लमजुङ जिल्लामा गुरुङ समुदायको बाहूल्यता रहेको छ। उनीहरु नेपालको कानूनअन्तर्गत आदिवासी जनजातिमा सूचीकृत छन्। आदिवासी जनजातिमा सूचीकृत अरु समूहहरु पनि उक्त क्षेत्रमा रहेका छन्। लमजुङ जिल्लामा रहेको आदिवासी जनजातिहरुको उपस्थितिले थुप्रै घरेलु अन्तर्राष्ट्रिय कानूनी आवश्यकताहरु सक्रिय बनाएको छ, जस्तैः आदिवासी जनजातिहरुसँगको परामर्शको खाँचो।

लमजुङका सामुदायिक सदस्यहरुका अनुसार, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्र विकासबारे थोरै सूचना दिने वा सूचना नै नदिने र समुदायहरुले परियोजनामा आफ्नो सहमति वा विमति राख्ने अवसरबाट वञ्चित हुनुपरेको छ।

उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको २२० के.भि. मर्स्याङदी कोरिडोरको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा केही हस्ताक्षरहरु रहेका छन्। ति सही परामर्श र सहभागिताको उदाहरणहरुको रुपमा गरिइएका थिए। तर ती सबै सही सहमतिका अभिव्यक्तिहरु होइनन् भन्ने कुरामाथि विश्वास गर्ने कारणहरु हामीसँग छ। हस्ताक्षरकर्ता एकजना व्यक्तिलाई हामी चिन्दछौं,

जसले बनजंगल प्रयोग गर्नको लागि स्विकृति दिने कागजात आफूलाई दिइएको भन्नेबारे अनभिज्ञ रहेरै हस्ताक्षर गरेका थिए । उनले परियोजनालाई सामुदायिक बन प्रयोग गर्न दिन स्विकृति दिएको नभएर आफू उक्त कोठामा भएकोले हस्ताक्षर गरेको कुरा भनेका थिए ।

लमजुङका आदिवासी जनजातिहरुले लमजुङमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्र विकासको कामलाई चलिआएकै शैलीमा निरन्तरता दिन नचाहेको कुरा बारम्बार गर्ने गरेका थिए । जसलाई उनीहरुको इच्छाको अभिव्यक्तिको रुपमा आदर गरिनुपर्दछ । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्र विकासको लागि हाम्रो इनपुट- प्रभावित घरहरु, समुदायहरु, जग्गाजमिनहरु, बनजंगल र पर्यावरणीय स्रोतहरुको ख्याल राखिनुपर्छ ।

## *४. अबको बाटो*

अबको बाटो, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनालाई घरेलु तथा अन्तर्राष्ट्रिय कानून, नीति तथा अभ्यासहरुभित्र बाँध्नुपर्छ । यूरोपियन इन्भेष्टमेन्ट बैंकले समुदायहरुसँगको संवाद व्यवस्थापना गर्न परियोजना निर्माताहरुको निर्देशिका उपलब्ध गराउनुपर्दछ । ती निर्देशिकाहरु ट्रान्समिसन टावरहरु र ट्रान्समिसन लाइनमा पर्ने समुदायका सदस्यहरुमाथि परेको प्रतिकूल असरहरुको सन्दर्भमा लागू गरिइनुपर्दछ । थप, यूरोपियन इन्भेष्टमेन्ट बैंकले त्यस्ता निर्देशिकाहरु कार्यान्वयनको लागि सुपरिवेक्षणको दायित्व लिएर एकदमै नजिकबाट निकायल्नुपर्दछ ।
निर्देशिकाले निम्न अभ्यासहरु अवलम्बन गर्नुपर्ने खाँचो रहेको छः

- अधिकारवालाहरुको रुपमा सबै सरोकारवाहरु, र आदिवासी जनजातिहरुको स्वतन्त्र, अग्रीम सूसुचित जानकारीसहितको मञ्जुरी र स्थानीय समुदायहरुवीचमा सहमति खोज्नका लागि परियोजना-विशेष परामर्शहरु गरिनुपर्दछ ।
- परियोजना निर्माताहरुले समुदायहरुले कसरी परामर्श गर्न चाहन्छन् र उनीहरुलाई असर पर्ने निर्णयहरुमा कसरी सहभागी हुन चाहन्छन् भनेर पहिले समुदायहरुसँग परामर्श गर्नुपर्दछ ।
- परियोजना निर्माताहरुले कसले परियोजना कार्यान्वयन गरेको छ वा गर्नेछ, परियोजनाका कारण आइपर्ने समस्याहरुबारेको गुनासाहरुलाई कहाँ र कसरी उनीहरुले राख्न वा जाहेर गर्न सक्नेछन् भन्नेबारेमा समुदायहरुलाई जानकारी दिनुपर्दछ । यदि प्रभावित समुदायहरुले आफ्ना सरोकार वा गुनासाहरु उठाएमा जतिसक्दो चाँडो तिनको अर्थपूर्ण सम्बोधन गरिइनुपर्दछ । असहमतिको लागि त्यहाँ कुनैपनि खालको डर वा त्रास हुनुहुँदैन । प्रभावित समुदायहरुले प्रयोग गर्ने भाषामा सूचनाहरु दिइनुपर्दछ । ती सूचनालाई बुझ्न र तिनको मूल्याङ्कन गर्नको लागि समुदायहरुलाई पर्याप्त समय पनि दिइनुपर्दछ ।
- परियोजना निर्माताहरुले प्रत्येक जग्गाधनीहरुसँगको एक-एक सम्बन्धलाई सूचारु राख्नुपर्दछ । परियोजना निर्माताहरुले समुदायका अगुवाहरुसँग समुदाय स्तरमा छलफलहरु गर्ने र वृहत समुदायसमक्ष पुग्नेगरी कार्यक्रमहरुको समेत आयोजना गर्नुपर्दछ । त्यस्ता परामर्श वा छलफलहरु व्यक्तिगत तहमा, सामूहिक तहमा र विभिन्न समूहहरुको तहहरुमा सृजनात्मक अप्रोचहरुको अवलम्बन गर्दै गरिनुपर्दछ । जसमा फरक उमेर समूहका, भिन्न जातजातिका, फरक लिंगका, विविध आर्थिक स्तरका, भिन्न जग्गाजमिनको स्वामित्व भएका, आदिवासी जनजातिहरु र फरक क्षमता वा सक्षमता भएकाहरु समावेश गरिनुपर्दछ ।

# ४. भूमि अधिग्रहण र त्यसको उपभोगमा प्रतिबन्धले सिर्जित आर्थिक विस्थापन

लमजुङमा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्र विकासजलविद्युत क्षेत्र विकासले बलजफ्ती विस्थापन र भुमि अधिग्रहणमा विशेष सुरक्षा दिन सकीरहेको छैन ।

## *क. यूरोपियन इन्भेष्टमेन्ट बैंकको नीतिहरुः बलजफ्ती विस्थापन र अनयिमित पुनर्वास*

यूरोपियन इन्भेष्टमेन्ट बैंकको हाते पुस्तिकामा भनिइएअनुसार, “भूमि अधिग्रहण प्रक्रियाले जनाउँदछ कि, एक व्यक्तिलाई आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको भूमिको सबै वा केही भाग सार्वजनिक उद्देश्य परिपूर्तिको लागि क्षतिपूर्ति स्वरुप आफूबाट अलग गरी सरकारी स्वामित्व वा नियन्त्रणमा दिन लगाइन्छ। जसभित्र जग्गा खरिद गर्ने वा जग्गा भाडामा लिने र जग्गा भोगचलनको लागि पहुँच राख्ने काम गरिन्छ ।” [थप जोड दिइएको] उक्त हाते पुस्तिकामा आर्थिक विस्थापनलाई पनि त्यस्तो प्रक्रियाद्वारा उत्पन्न अनियमित/बलजफ्ती पुनर्वासको परिभाषाको रुपमा समावेश गरिएको छ । आर्थिक विस्थापनलाई “परियोजनासम्बन्धी भूमि अधिग्रहण वा प्राकृतिक स्रोत साधनहरुमाथिको पहुँचमा प्रतिबन्धको परिणामस्वरुप सम्पत्तिको क्षति वा आयस्रोतको स्रोतको क्षति गर्नेगरी सम्पत्तिमाथिको पहुँच वा जीविकोपार्जनको माध्यम र स्रोत गुम्नु” को रुपमा व्याख्या गरिएको छ । [थप जोड दिइएको]
त्यसमाथि बलजफ्ती विस्थापनको लागि यूरोपियन इन्भेष्टमेन्ट बैंकले प्रबर्द्धकहरुसँग “यथोचित प्रक्रियाको अधिकार” (the right to due process), र अर्थपूर्ण र सांस्कृतिक रुपमा सम्बन्धित समुदायहरुसहितको उचित परामर्श र सहभागिता” सहितको योजनाको माग गर्दछ ।

## *ख. सम्पत्तिको हकसम्बन्धी संवैधानिक एवं कानूनी अधिकार*

नेपालको संविधानमा मौलिक अधिकारको रुपमा सम्पत्तिमाथिको अधिकारलाई सुनिश्चित गरिएको छ । त्यसमा सार्वजनिक हितका लागि क्षतिपूर्ति प्रदान गरेर सरकारले मात्रै व्यक्तिगत सम्पत्तिहरु लिनसक्ने कुरापनि उल्लेख छ । काठमाडौँ सडक विस्तारको मुद्दामा भर्खरै गरिएको निर्णयमा, नेपालको सर्वोच्च अदालतको पूर्ण वेञ्चले व्यक्तिगत सम्पत्ति- जग्गाजमिनसहित- लिँदा क्षतिपूर्ति दिनुपर्ने र जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतका सहयोगी मार्गनिर्देशन समेत दिनुपर्नेमा जोड दिएको थियो ।

जग्गा प्राप्ति ऐनअनुसार सरकारले नागरिकको जमिन प्राप्त गर्दा क्षतिपूर्ति दिनु आवश्यक छ ।उक्त क्षतिपूर्ति जग्गा प्राप्तिको समयमा चलेको बजार मूल्यको आधारमा दिनुपर्नेछ । त्यस्ता जग्गाजमिन जग्गाधनीसँग कुराकानी गरेर प्राप्त गर्न सकिनेछ । जग्गाधनी सहमत नभएको खण्डमा जग्गा प्राप्तिमाथि समुदायको अधिकार र जग्गा प्राप्तिको प्रक्रिया ऐनअनुरुप निर्धारण गरिनेछ । शुरुमा, जग्गा प्राप्त गर्न चाहेको व्यहोरासहितको सूचना जग्गाधनीलाई दिनुपर्नेछ । प्रस्तावित जग्गा प्राप्तिको विस्तृत कुराहरुको खोजीको लागि सर्भे गरिनुपर्ने र प्रतिवेदन तयार गर्नुपर्नेछ । प्रस्तावित जग्गा प्राप्त गर्न उपयुक्त ठहरिएमा सबैकुरा खुलाएर दोस्रो सूचना जारी गरिनुपर्नेछ । जग्गाधनीलाई प्रक्रियाबारे चित्त नबुझेमा वा प्रक्रिया सही नलागेमा जग्गा प्राप्त गर्नु हुँदैन, निजलाई उजुरी गर्ने समय दिनुपर्नेछ ।

त्यसमाथि, नेपाली कानुनअन्तर्गत जग्गाधनीहरुले मुआब्जा (जग्गाको मूल्यबराबरको) र क्षतिपूर्ति ( जग्गाबाट आउने स्रोतबापतको) पाउने प्रावधान रहेको छ । अरु ट्रान्समिसन लाइनहरुको सन्दर्भमा

नेपाल विद्युत प्राधिकरणको अहिलेको अभ्यासअनुसार ट्रान्समिसन टावरहरु रहेको जग्गाहरु अधिग्रहण गरिएका मानिएको र "क्षतिपूर्ति समिति" मार्फत् तिनलाई दिनुपर्ने मुआब्जा र क्षतिपूर्ति निर्धारण गर्ने गरिएको छ । ट्रान्समिसन लाइनमुनि रहेका जग्गाहरुको जग्गाधनीहरुलाई क्षतिपूर्तिको १०% मात्रै दिइएको छ ।

सामान्यतय नेपाल विद्युत प्राधिकरणको अहिलेको अभ्यासले जग्गाधनीहरु, जसको जग्गा प्रसारण लाइन अधिकार क्षेत्रभित्र परेका छन्, लाई १० प्रतिशत मात्रै क्षतिपूर्ति दिएको छ, यद्यपि विश्व बैंकको लगानीमा बनेको खिम्ची ढल्केबर प्रसारण लाइनमा प्रसारण लाइन अधिकार क्षेत्रको रुपमा रहेको ३.८५ किलोमिटरका लागि शतप्रतिशत लगायत उच्च क्षतिपूर्ति दिइएको केही घटनाहरु छन् भन्ने कुराबारे हामी जानकार छौं ।

## *ग. नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले नेपाली जग्गा अधिग्रहण, पुनर्वास र पुनर्स्थापना नीतिको उल्लंघन गरेको*

पूर्वाधार विकास परियोजना २०७१ को जग्गा अधिग्रहण, पुनर्वास र पुनस्थापना नीतिले सबै पूर्वाधार विकास, जलविद्युत क्षेत्र परियोजनासहितले क्षतिपूर्ति, , पुनर्वास र पुनस्थापनाको सवाल सम्बोधन गनुपर्ने व्यवस्था गरेको छ । या नीतिको एक अभिन्न अंग हो, जसले "समसामयिक अन्तर्राष्ट्रिय मापदण्डहरु र अभ्यासहरुअनुरुप जग्गा अधिग्रहण र मूल्याङ्कन, क्षतिपूर्ति, पूनर्वास र पुनस्थापनालाई थप सामान्य, थप व्यवस्थित, प्रभावकारी, उचित र पारदर्शी बनाउदै विकासका परियोजनाहरुलाई समयमै सम्पन्न गर्ने वातावरण सिर्जना गरोस्" भन्ने उद्देश्य राख्छ । कृपाया ध्यान दिनुहोला, नीतिले भौतिक र आर्थिक दुबैखाको विस्थापन, र २२० केभी मर्स्याङदी कोरिडोरको प्रसारण लाइन अधिकार क्षेत्र संरक्षित गर्दा उत्पन्न हुने समस्याहरुको विरुद्धमा सुरक्षा दिन्छ ।

जग्गा अधिग्रहण नीतिको लक्ष्य पूर्वाधार परियोजनाहरु स्थानीयबासीहरु, परिवारहरु र समुदायहरुका शून्य वा न्यूनतम विस्थापन र जहाँ विस्थापन हुन्छ त्यहाँ विस्थापतिहरुमा पर्ने प्रभावहरु क मगर्न र पर्याप्त वा उचित क्षतिपूर्तिको उपलब्धता र आर्थिक अवसरहरुको सुनिश्चित गर्नु हो ।

ती लक्ष्यहरु प्राप्तिको लागि, परियोजनाहरु चालू गरिनुपहिल्यै समुदायहरुमाथि पर्नजाने प्रभावहरुको मूल्याङ्कन गरिनुपर्दछ । साथै त्यहाँका प्रभावित मानिसहरु, समुदायहरु र जोखिमयुक्त समूहहरुको पहिचान गर्न सामाजिक प्रभाव मूल्याङ्कन गरिनुपर्दछ । प्रभावित व्यक्तिहरु, जग्गाविहिन, पाका व्यक्तिहरु, महिला, बालबालिका, दलित, आदिवासी जनजातिहरु र प्रभावित मानिसहरु जसको नाममा जग्गा नरहेको हुनसक्छ, हरुसँग बारम्बार परामर्श भइरहनुपर्छ । गुनासा निवारण संयन्त्रलाई सम्बन्धित स्थानीय तहकमा स्थापना गरिनुपर्दछ । प्रभावित सुविधावञ्चित समूहरु जस्तै दलित, आदिवासी जनजाति, एकल महिला,हरुको सुधारको लागि कदमहरु चालिनुपर्छ ।

## *घ. २२० केभि मर्स्याङदी कोरिडोरले मानिसहरुलाई गरेको विस्थापन*

२२० के.भि. मर्स्याङदी कोरिडोर र सम्बद्ध सेवासुविधाहरु र सम्पत्तिहरुलगायतका ट्रान्समिसन लाइनबाट प्रभावित जग्गाधनीहरुले निम्नलगायतका धेरै असरहरुको अनुभव गरेका छन्:

- जग्गाको नाममा स्थायी बोझ, र सम्पत्तिको महत्व र मूल्य घट्नु, साथै तिनको उपभोगमा निम्न कुराहरुसहितको प्रतिबन्ध
    - ट्रान्समिसन लाइनमुनिका जमिनहरुमा भविष्यमा हुने सम्भावित आयस्रोतको बाटो (जस्तैः सेल टावर, बिलबोर्ड आदि राख्न नमिल्ने) गुम्नु,
    - ट्रान्समिसन लाइनमुनिका जमिनहरुमा कुनैपनि भौतिक संरचनाहरु निर्माणमा रोक लाग्नु,
    - त्यस्ता जमिनहरु स्थायी रुपमा खाली राखिनुपर्ने, र/वा अग्ला तरकारी, बाली वा बोटविरुवाहरुसमेत लगाउन नपाइनु,
- सग्लो जमिनहरु टुक्राटाक्रीमा विभाजन गरिनु,
- ट्रान्समिसन लाइन आसपासका पुरै जमिनहरुका लागि धितो वा धरौटि सुरक्षित गर्नमा चुनौति,
- जग्गाको कर तिर्नुको कुनै औचित्य र उपयोगिता नरहेको,

- पहुँचमाथिको नियन्त्रण गुमेको, जग्गाधनीको सम्पूर्ण सम्पत्तिमाथि (परियोजना कम्पनीको ट्रान्समिसन लाइनको लागि परियोजनाको जीवनकालभरिको लागि पूर्ण रुपमा) पहुँचको अनुमति दिइए सरह भएको र आफ्नै सम्पत्तिको कुनैपनि खालको उपयोग गर्न नसकिने अवस्था सृजना भएको,
- सौन्दर्यतामा कमी भएको (पावर लाइन, टावर र तारहरुका माथिसमेत)
- भविष्यमा लाइनहरुको उपयोगिताको लागि लक्षित भूमि,
- ट्रान्समिसन लाइनहरुको साथमा स्वास्थ्य र सुरक्षामा निम्न सम्भावित जोखिमहरु बढेको:
    - ठाउँठाउँमा तारहरु चुँडिने र विद्युतीय लाइनहरुमा मानिसहरु पर्ने,
    - प्रकाश धेरै बढेको,
    - पावरलाइनहरुमा विद्युतीय चुम्बकीय क्षेत्रको उपस्थिति हुने, जुन स्वास्थ्यको हिसाबले सार्वजनिक स्वास्थ्यमा जोखिमहरु ल्याउने र सम्भावित हानीकारक रोगहरुसमेत निम्त्याउने गर्दछ, र,

- लाइनहरुका कारण बोझिलो बनेका सम्पत्तिहरु र/वा लामो समयदेखि बेच्न प्रयास गरिरहेका त्यस्ता सम्पत्तिहरुको अवमूल्यन भएकोले सम्भावित रुचिकार खरिदकर्ताहरु सीमित वा थोरै हुने गरेका छन् ।

यस्ता असरहरु ट्रान्समिसन टावर र लाइनहरु रहेका क्षेत्रहरुभन्दा धेरै विस्तारित छन् । टावर र लाइनहरु आसपासका जग्गाहरु, र टावर र लाइनहरुका कारण अनियमित पुनर्वासको परिणामस्वरुप आर्थिक विस्थापनमा परेका, र लाइनहरुका मुनि घर परेकाहरुको भौतिक विस्थापनलगायतमा त्यस्ता प्रभावहरु परेका छन् ।

## ङ. प्रशारण लाईन अधिकारक्षेत्रमा भइरहेको बलजफ्ती विस्थापन

उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको २२० के.भि. मर्स्याङ्दी कोरिडोरको लागि गरिइएको प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा ट्रान्समिसन टावरहरुका लागि लिइएका जग्गाधनी मानिसहरुलाई मात्रै परियोजना प्रभावित घरधुरी मानिएको छ । त्यसअलावा सर्भे नगरिएको र ट्रान्समिसन तारहरुको मुनि परेका जग्गाधनीहरुको लागि वृहत र स्वस्थ्य परामर्श गरिएको छैन । प्रशासन लाइन अधिकारक्षेत्रभित्रका जमिनहरुको प्रयोग गरिनुलाई जग्गा अधिग्रहण मान्न नसकिने किनकी ती जग्गाहरु जग्गाधनीकै नाममा रहीरहने कुरालाई तर्कसंगत आधार मानेको छ । यद्यपि नेपालको जग्गा अधिग्रहण नीति (२०१४) ले भौतिक र आर्थिक दुबै विस्थापनविरुद्ध र २२० केभि मर्स्याङ्दी कोरिडोरको प्रशारण लाइन अधिकार क्षेत्रको लागि जग्गाहरु संरक्षण गरिदा पर्न जाने असरहरुमा सुरक्षा प्रदान गर्छ । त्यसमाथि, यूरोपियन इन्भेष्टमेन्ट बैंकको नीतिहरुले स्पष्ट देखाएको छ कि विशेषगरी प्रयोगमाथि लगाइने प्रतिबन्ध र अरु प्रभावहरु, बाटोमा परेका जग्गाहरु सुरक्षित राखिनु जग्गा अधिग्रहण हो । त्यसले असमान्य पुनर्वास र खासगरी आर्थिक विस्थापनतर्फ लैजान्छ ।

## *च. यूरोपियन इन्भेष्टमेन्ट बैंकको मापदण्ड र राष्ट्रिय कानून तथा नीति उल्लंघन*

बिडम्बना, हाम्रो अनुभवमा लमजुङको हाइड्रोपावर सेक्टर विकास, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध सेवासुविधाहरु र सम्पत्तिहरुसहितले ती प्रक्रियाहरु अवलम्बन गरेका छैनन् ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकको नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले समेत कानूनसम्मत काम गर्न सकेको छैन । समुदायका धेरैजना सदस्यहरुले २२० के.भि. मर्स्याङदी कोरिडोरबारे थाहा नपाएको बताएका थिए । केहीले आफ्ना जग्गामा रहेका ढुंगाहरुमा रातो रंगले चिन्ह लगाएको देखेपछि ती जग्गाहरुमाथि ट्रान्समिसन लाइन राखिन लागिएको कुरा पत्ता लगाएका थिए । आसपासमा सोधखोज गरेपछि उच्च भोल्टेजको ट्रान्समिसन लाइनको लागि त्यस्तो गरिएको कुरा उनीहरुलाई बताइएको थियो । यसले समुदायहरुलाई उचित र सही सूचना र जानकारी नदिइएको कुरा देखाउँछ , जुन जग्गा अधिग्रहण प्रक्रियाको एउटा महत्वपूर्ण अंग हो । अझ, यूरोपियन इन्भेष्टमेन्ट बैंकको नीतिअन्तर्गतको असमान्य पुनर्वास योजना समुदायहरुले अहिलेसम्म हेर्न पाएका छैनन् ।

लमजुङ जिल्लामा जग्गाधनीहरुबीचमा भएको एउटा सहमति- र नेपालभरीका ट्रान्समिसन लाइनबाट प्रभावित समुदायहरुवीचमा पनि- अनुसार १०% क्षतिपूर्ति दिनु भनेको सबै प्रभावहरुको निमित्त असाध्यै कम हो । एकभन्दा बढी ट्रान्समिसन लाइनहरु राखिइएका समुदायले त्यसको प्रभावमा समेत गुणात्मक वृद्धि भएको अनुभव गरेका छन्, किनकी उनीहरुले पाएको १०% क्षतिपूर्तिमा धेरै जग्गाहरु गुमाएका छन् ।

नेपाल उर्जा मन्त्रालयको राष्ट्रिय उर्जा संकट न्यूनीकरण योजनाले अपर्याप्त क्षतिपूर्तिका कारण जग्गा अधिग्रहणमा समस्या आएको कुरा पहिचान गरेको छ । एकवर्षभन्दा बढी समयदेखि पत्रपत्रिकाका लेखहरुमा सरकारले उपलब्ध गराउँदै आएको १०% क्षतिपूर्ति असाध्यै कम भएको थाहा पाएर सरकारले कार्यदल गठन गरेको कुराहरु आइरहेका छन्, यद्यपि त्यो कार्यदल सार्वजनिक सुझावहरुको साथमा अगाडि आउन बाँकी छ । सरकारका धेरैजसोले शतप्रतिशत वा अधिक क्षतिपूर्तिको कुरालाई लगातार अस्वीकार गर्दै आइरहेका छन् । उनीहरुको तर्कअनुसार जग्गाधनीकै नाममा रहने हुनाले जग्गा अधिग्रहण गरिएको होइन । यद्यपि यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक दस्तावेजहरुमा जग्गा अधिग्रहण कसरी गर्ने भन्नेबारेमा वर्णन गरिएको कुराले यस्तो तर्कलाई भरथेग गर्दैन ।

१३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनको अनुभवको आधारमा भन्नुपर्दा, स्थानीय समुदायहरुले मुआब्जा र क्षतिपूर्ति कसरी निर्धारण गरिन्छ भन्ने कुरामा पारदर्शीताको अभाव रहेको बताएका थिए । उनीहरुद्वारा लिइएको संख्याहरु सरकारी खातामा चढाइएको भएपनि त्यसको कुनै परिणाम नआएको उनीहरुको भनाइ थियो । त्यहाँ जग्गामाथिको प्रभावहरुलाई कसरी कम गर्न सकिन्छ वा थप क्षतिपूर्तिको लागि तर्कसंगत आधार तयार पार्नको लागि आपसमा छलफल वा सम्झौताको लागि कुराकानी गर्ने लचिलो वातावरण पनि छैन ।

जग्गा अधिग्रहण र क्षतिपूर्तिको सन्दर्भमा पारदर्शिता, परामर्श र सामुदायिक सहभागिता बिना नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले माथि उल्लेखित संवैधानिक एवं कानूनी प्रावधानहरुको उल्लंघन गरेको छ ।

## *छ. अबको बाटो*

समुदायहरुले क्षतिपूर्ति समिति निर्माणको माग गरिरहेका छन् । त्यसमाथि उक्त समितिमा प्रभावित समुदायहरु संलग्न गराइनुपर्ने र निर्णय प्रक्रियामा एक मुख्य अंगको रुपमा रहनुपर्छ । प्रभावित

समुदायको क्षतिपूर्ति र पुनस्थापनालाई परामर्श र पारदर्शी तबरमा सम्बोधन गर्ने सवालहरुको कानुनी सुत्र निर्माण वा क्षतिपूर्ति निर्धारण गर्ने प्रक्रियामा सामुदायका प्रतिनिधिहरुको पूर्ण सहभागिता रहनुपर्छ ।

उनीहरुको भूमिमा पर्ने प्रभावहरुको हकमा, लमजुङका समुदायहरु परियोजनाको लागि आफ्ना जग्गामा ट्रान्समिसन लाइन राख्ने अनुमति दिनको लागि कम्तिमा शतप्रतिशत क्षतिपूर्ति चाहन्छन् । यो यूरोपियन मुलुकहरुको अभ्यासमा रहीआएको कुरा पनि हो । यद्यपि, लमजुङ नजिकैको सिन्धुली जिल्लामा ३.८ किलोमिटर टाँगिइएको वर्ल्ड बैंकको लगानीमा रहेको खिम्ची ढल्केबर ट्रान्समिसन लाइनको प्रभावित क्षेत्रमा परेकाहरुलाई नेपाली अधिकारीहरुले शतप्रतिशत क्षतिपूर्ति दिएको थियो । लगातार वकालतको बाबजुद पनि सरकारले सोही क्षतिपूर्ति लमजुङका समुदायहरुको लागि अपनाउने कुरामा सहमत हुन बाँकी छ ।

समुदायका सदस्यहरुलाई उनीहरुको व्यक्तिगत जमिनको भाग परेको प्रभावहरुमा शतप्रतिशत भन्दा बढी क्षतिपूर्तिको लागि मोलभाउ गर्ने केही लचिलोपन हुनुपर्छ । ट्रान्समिसन लाइन निर्माण र सञ्चालनको कारण हुन पुगेको व्ययहरु व्यहोरिनुपर्दछ । प्रभावित जग्गाधनीको सहमति प्राप्त गर्नु पहिल्यै जग्गाधनीले स्वतन्त्र रुपमा कानूनी सल्लाह पाउनको लागि गरिएका उपयोगी खर्चहरु दिइनुपर्दछ । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले आफ्ना जग्गा प्रयोग गर्न दिने जग्गाधनीहरुको स्वतन्त्र कानुनी परामर्शको लागि गरिने खर्चसमेत व्यहोर्नुपर्दछ ।

यसले नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध ट्रान्समिसन र बितरण लाइनहरुलाई धेरै यूरोपियन मुलुकहरु र उत्तर अमेरिकन अधिकारक्षेत्रमा अभ्यास गरिइदै आइएको स्तरमा ल्याउनेछ । वास्तवमा यसले यूरोपियन इन्भेष्टमेन्ट बैंकको यस परियोजनामा अतिरिक्त योगदान दिनेछ । खासमा त्यस्ता निर्णयहरु यूरोपियन इन्भेष्टमेन्ट बैंको हातेपुस्तकले भनेअनुरुप प्रभावित समुदायहरुसँगको बन्द परामर्शमार्फत् निर्मित पूनर्वास नीतिको फ्रेमवर्कमा अंकित गरिनुपर्दछ ।

## ५. सामुदायिक स्रोतसाधनहरु, विद्यालय, मन्दिर र पवित्र स्थलहरुलगायतमा परेको प्रभावहरु

लमजुङ जिल्लामा नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र सम्बद्ध जलविद्युत क्षेत्र विकासले हाम्रा सामुदायिक स्रोतसाधनहरु- वनजंगलमा रहेका स्रोतहरु, पुनर्निर्माण गरिनुपर्ने थलोहरु र सार्वजनिक स्थलहरु, र सांस्कृतिक, ऐतिहासिक र पवित्र एवं धार्मिक क्षेत्रहरुसमेतमा अतिक्रमण गरेको छ । परियोजना सञ्चालन गरिने क्षेत्रका सामुदायिक स्रोतसाधनहरुबारे परियोजनाले स्थानीय समुदायहरुसँग परामर्श गर्नुपर्दछ । प्रभावहरुबाट जोगिन वा तिनलाई पन्छाउँन, प्रभावहरु न्यून गर्न, वा यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक नियमहरुअनुरुप त्यसको क्षतिपूर्ति दिने कदमहरु चालिनुपर्दछ ।

सामुदायिक स्रोतसाधनहरुमाथि भएको प्रभावका कारण यूरोपका धेरै देशहरुमा सामुदायिक स्तरका लाभहरु उपलब्ध गराइएको थियो । ती प्रभावहरु प्रायः कानूनद्वारा परिभाषित गरिएका थिए र कहिलेकाही कूल परियोजना लागतको प्रतिशतको रुपमा पनि राख्न सकिन्थ्यो । जस्तैः इटालीमा यो ६% र फ्रान्समा यो ८% देखि १०% सम्म हुने गर्थ्यो । हाम्रो बुझाईमा यी भनेका अतिरिक्त व्यक्तिगत लाभहरु र अन्य वातावरणीय तथा सामाजिक व्ययहरु हुन् । यस्ता फन्डहरु विशेषगरी समुदायहरुका लागि उपयोगी हुने जस्तै पार्क, सडकबत्ती, स्थानीय सडक र साइकल चलाउने सडकहरुलगायतका लागि प्रयोग गरिन्थे र त्यसलाई समुदायहरुको सहभागिता र निर्देशनमा कार्यान्वयन गरिन्थ्यो ।

प्रारम्भिक वातावरणीय मूल्याङ्कनअनुसार उदीपुर-मार्कीचोक-भरतपुर ट्रान्समिसन लाइन सेगमेन्टको २२० के.भि. मर्स्याङदी कोरिडोर, वातावरणीय तथा सामाजिक न्यूनिकरण तथा निगरानीको लागत सामाजिक प्रभाव न्यूनिकरण -जस्तै, क्षतिपूर्ति) र वृद्धि (जस्तै, जनजीविकापार्जनका कार्यक्रमहरु) लागि १३२,५६३,०३० नेरु (करिब १० लाख यूरो) ६५,६०८,९८० नेरुसहित (करिब ५ लाख यूरो) रहेको थियो । ट्रान्समिसन लाइनको यो सेगमेन्टको लागि जम्मा १६.७ मिलियन यूएस डलर (करिब १४.४ यूरो) मा करारनामा गरिएको थियो । त्यसको अर्थ ट्रान्समिसन लाइनहरुको लागि गरिइएको कूल वातावरणीय र सामाजिक खर्चको लागि करारनामा गरिइएको कूल लागतमध्ये ७% खचिईयो, जुन कूल परियोजनाको लागतको एकदमै थोरै भागमात्रै हो । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले समग्र वातावरणीय तथा सामाजिक बजेटको रुपमा छुट्ट्याउने गरेको कूल लागतभन्दा बढी यूरोपियन मुलुकहरुले कूल परियोजनाको लागतको ठूलो प्रतिशत सामुदायिक स्तरमा क्षतिपूर्तिको लागि मात्रै दिने गर्दछ, जुन एकदमै निराशाजनक कुरा हो ।

आफ्ना गृह मुलुकहरुमा उच्च तवरमा कार्यान्वयनमा ल्याइएका परियोजनाहरु सरह यहाँ पनि समान रुपमा ती परियोजनाहरु लागू गर्ने सल्लाह हामी यूरापियन इन्भेष्टमेन्ट बैंकलाई दिन चाहान्छौं ।

## ६.बढ्दो प्रकाश र तारहरुका कारण करेन्ट लाग्ने र चट्याङ्को डर

नेपालमा विद्युतीय तारहरु खसेर बच्चा तथा वयस्कहरुलाई करेन्ट लागेको र अन्य दुर्घटनाहरु भएको थुप्रै घटनाहरु छन् । हिमालयको हावापानीको अवस्थामाथि ट्रान्ससिमन टावरहरु हावी भएका छन् । वातावरणीय कानुनी विश्व सञ्जाल (Environmental Law Alliance Worldwide- ELAW) को समीक्षामा पाइएअनुसार, नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाले प्रारम्भिक रुपमा गरेको काममा यस्ता सार्वजनिक सुरक्षा जोखिमहरुको बृद्धिबारे पर्याप्त मात्रामा ध्यान राखेन ।त्यसमाथि, प्रारम्भिक वातावरणीय मूल्याङ्कनमा प्रस्तावित ट्रान्समिसन लाइनको चौडाई (३० मिटर) एकदमै सानो छ । सार्वजनिक सुरक्षाको दृष्टिले त्यसलाई बढाउनु जरुरी छ ।

प्रसारण लाइनका कारण बढ्तै बिजुली चम्कने गरेकोमा पनि हामी चिन्तित छौं । २०१७ को पानी पर्ने मौसममा  निकै विजुली चम्कने गरेको हामीले देखेका थियौं । १३२ के.भि.को भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइन र ३३ केभि बितरण गरिएको लाइनले त्यसबेला परेको चट्याङलाई समातेको र विजुली चम्कनलाई ह्वात्तै बढाएको हुनाले हामी यसप्रति चिन्तित छौं । त्यसबेला तारहरु सर्ट भए, जनावरहरु मरे, धेरै मान्छेहरु घाइते भएका थिए । । त्यस्तै, धानखेतमा जोतिरहेका एकजना मानिसको विजुली सर्ट भएपछि लागेको करेन्टबाट मृत्यु भएको थियो । त्यसले आगलागी समेत भएको थियो । सञ्चारमाध्यमहरुले ट्रान्समिसन लाइनका कारण बिजुली चम्कन बढेको कारण हुनसक्ने त्यस्ता सम्भावित दुर्घटनाहरुलाई ख्याल नगरीकन चट्याङलाई मात्रै दोष दिएर घटनाको सम्प्रेषण गरेका थिए ।

वैज्ञानिकहरुको प्रारम्भिक समीक्षाले सुझाएको छ, सामान्यतः बादलदेखि भुईको टावरसम्म बिजुली चम्कनमा वृद्धि हुनसक्नेछ । उदाहरणको लागि, अष्ट्रियाको एक अध्ययनले देखाएअनुसारः

> अष्ट्रियामा सामान्यतः केएम-२ वाइआर-१, ४ पल्ट चम्कदा प्रकाशको घनत्व ०.५ को वीचमा हुने गर्छ । ४ पल्टभन्दा बढी चम्किदा  केएम-२, वाइआर-१ खसगरी हिमालको चुचुरो वा उच्च टावरहरु उठाइएका ठाउँहरुमा पर्ने गर्दछन् ।

हिमाली उचाइहरु र हावापानी वा मौसमी अवस्थाहरुमा हुने विजुली चम्काईहरुको ट्रान्समिसन र बितरण लाइनहरुसम्बन्धी वैज्ञानिक समीक्षा गरिएकोबारेमा र त्यस्ता प्रभावहरु कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेसम्बनधमा यूरोपियन इन्भेष्टमेन्ट बैंक जानकार छ ? यदि छैन भने यूरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरणलाई त्यस्तो वैज्ञानिक समीक्षा गर्न अनुरोध गर्दछौं । यहाँनेर ध्यान दिनुपर्ने कुरा, सञ्चयी प्रभाव मूल्याङ्कन एउटै क्षेत्रमा रहेको एकभन्दा बढी प्रसारण लाइनहरुसँग सम्बद्ध हुन्छ ।

प्रभावित समुदायहरु त्यस्ता प्रभावहरु न्यूनीकरणको लागि स्वास्थ्य, सुरक्षा तालिम, सूचना सम्प्रेषण सेसन र लाइनहरु निर्माण र सञ्चालनमा जोखिमहरु कम गर्न कस्ता कदमहरु चालिनेछन् भन्नेबारेमा धेरै जानकारीहरु चाहन्छन् ।

## ७. वातावरणीय प्रभावहरु

हामीले १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनको वातावरणीय प्रभावको स्वरुप- रुखहरु काटिएका, चराचुरुङ्गीहरु हराएकोलगायत, लाई प्रत्यक्ष आफैले देखेका छौँ। विशेषगरी आदिवासी जनजातिहरुको लागि पर्यावरणीय स्रोतसाधनहरु महत्वपूर्ण हुन्छन् । उनीहरुको जनजीविका, संस्कृतिको लागि जमिनसँगको उनीहरुको पृथक सम्बन्ध हुन्छ । त्यसको आलावा, त्यस जमिनमा बसोबास गर्ने अन्य मानिसहरुको जीवन र उनीहरुको पुस्ताहरुसमेत त्यही जमिनमा रहेको पर्यावरणीय स्रोतहरुमा निर्भर रहेका हुन्छन् ।

प्रारम्भिक वातावरणीय मूल्याङ्कनको वातावरणीय कानुनी विश्व सञ्जाल (Environmental Law Alliance Worldwide- ELAW)को समीक्षामा भनिएअनुसार, ट्रान्समिसन लाइनद्वारा प्रभावित क्षेत्रको पर्यावरणीय अवस्थालाई सरसर्ती ठम्याएर विशेषताकरण गरिनु ट्रान्समिसन लाइनहरुको प्रभावको मूल्याङ्कनको लागि आवश्यक प्रारम्भिक विन्दु हो । दुर्भाग्य, मर्स्याङदी कोरिडोर (उदीपुर-नयाँ भरतपुर) २०० के.भि. डबल सर्किट ट्रान्समिसनको प्रारम्भिक वातावरणीय मूल्याङ्कनले यूरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय तथा सामाजिक नियमहरुअन्तर्गत आवश्यक कदमहरु चाल्न असफल रह्यो ।

समुदायका धेरै सदस्यहरुले १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइन आएपछि उनीहरुले आफ्ना क्षेत्रमा कुनैपनि चराचुरुङ्गीहरु देख्न छाडेकोमा चिन्ता व्यक्त गरेका थिए । २२० के.भि.को मर्स्याङदी कोरिडोरले यो अवस्था अझै दयनीय बनाउने कुरामा हाम्रो सरोकार छ ।

१३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनमा प्रत्येक एक रुख काटिएवापत चार-पाँचवटा रुख रोप्नुपर्ने मागलाई प्रभावित समुदायहरुले पुन अघि राखेका छन् । उनीहरुसमक्ष रुख रोप्ने प्रयत्न गर्ने वाचा गरिएको जानकारी गराइयो, तर अझैसम्म हामीलाई थाहा छैन कि काटिएवापत रोप्नुपर्ने ती रुखहरु रोपिए वा रोपिएनन्, रोपिएको भए कहाँ रोपिए ? यो काम प्रभावित समुदायका सदस्यहरुसँगको वृहत छलफलमा गरिएनन् । परियोजनाका लागि एउटा रुख काटिएवापत यूरोपियन इन्भेष्टमेन्ट बैंकले कम्तीमा २५ वटा रुखहरु रोप्नेछ भन्ने कुरा समुदायहरुले बुझेका थिए । यद्यपि यो कुरा समुदाय, खासगरी बनजंगलका स्रोतसाधनहरुमा निर्भर रहेकाहरु, सँगको बन्द परामर्शमा गरिएको थियो । नयाँ रुखहरु कहाँ रोपिए, कस्ता खालका रुखहरु रोपिए, तिनलाई कहिले र कसरी व्यवस्थापन गरिएको छ भन्नेबारेमा हाम्रो जिज्ञासा छ ।

## ८. दृश्य प्रभावहरु

मर्स्याङदी भ्याली पर्यटकहरुको लागि एउटा रमणीय क्षेत्र हो । त्यसको केही भूभागहरु स्थानीय आदिवासी जनजाति समुदायद्वारा उनीहरुको प्रथाजन्य नेतृत्वमार्फत् पुस्तौपुस्तादेखि संरक्षित छन् । यद्यपि, खासगरी मर्स्याङदी नदीभरि यत्रतत्र रहेका लाइनहरुले त्यहाँको सुन्दरतामा नकारात्मक र दृश्य प्रभावहरु पारेको छ, त्यसले पर्यटनको लागि नकारात्मक प्रभाव पार्ने सम्भावना रहेको कुरामा हाम्रो सरोकार रहेको छ ।

## ९. ध्वनी प्रभावहरु

समुदायका केही सदस्यहरुले १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनको आवाज गुञ्जिएर हल्ला हुने कुरामा आफ्ना सरोकार व्यक्त गरेका थिए । स्थानीयहरु २२० के.भि. मर्स्याङदी कोरिडोरको चर्को आवाज गुञ्जिने कुरा चाहेका छैनन् । किनकी यो बढी भोल्टेजको रहेको र आफ्नै नजिकैमा आइरहने पहिल्यैदेखिको त्यस्तो आवाज लगातार भ्रेल्दै गरेकोले पनि उनीहरुले त्यस्तो चाहेका हुन् ।

## ११. विद्युतीय-चुम्बकीय रेडियसनले मानव, वनस्पति र प्राणीहरुमापार्ने प्रभावहरुको डर

विद्युतीय-चुम्बकीय रेडियसन क्षेत्रहरुसँगको सम्पर्कका कारण हुनसक्ने क्यान्सरसहित मान्छेहरुको स्वास्थ्यमा पार्ने सम्भावित असरहरुबाट समुदाय त्रसित छ । यहाँका बालबालिका, गर्भवती महिला र पाका व्यक्तिहरुको लागि अतिरिक्त सावधानीका उपायहरु हुनुपर्छ भन्ने कुरा हामीलाई थाहा छैन । समुदायका केही सदस्यहरुले विद्युतीय-चुम्बकीय रेडियसनले चौपायाहरुमा पारेको असर, १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइन आएपछि विकलाङ्ग जनावरहरु जन्मिएका कथाहरु सुनेको कुराहरुमा आफ्ना चिन्ता व्यक्त गरेका थिए । कृषि उत्पादन कम हुने डर पनि हामीमध्ये केहीमा रहेको छ ।

हाम्रा सल्लाहकाहरुले हामीलाई मानिस, वनस्पति र प्राणीहरुमा पर्ने यस्ता विद्युतीय-चुम्बकीय प्रभावहरु विज्ञान असंगत रहेको बताइरहेका छन् । उनीहरुले भनेका छन्, सार्वजनिक स्वास्थ्यसम्बन्धी भर्खरै गरिएको विद्युतीय-चुम्बकीय क्षेत्रबारेको वैज्ञानिक अनुसन्धानले त्यस्तो महत्वपूर्ण जोखिम रहेको कुरा देखाएन । यद्यपि, जोखिम नरहेको भन्ने कुरालाई समेत आवश्यक रुपमा प्रमाणित पनि गरेको छैन । विज्ञहरुले विश्वसनीय तरिकाले विद्युतीय-चुम्बकीय रेडियसन के हो र यसले बच्चा, पाका व्यक्ति, महिला, चौपाया र बालीनालीहरुमा कस्तो प्रभाव पपार्छ भन्नेबारे खुलाइदिउन् भन्ने हामी चाहन्छौं ।

अझ, सर्वसुलभ रुपमा सावधानीहरु अपनाइयोस् । जस्तै, ट्रान्समिसन लाइनहरुलाई सुरक्षित तवरमा लगिनुपर्छ भन्ने हामीले बुझेका छौं । तर प्रभावित मानिसहरुले अझ बढी जानकारी लिएर गहिरोगरी बुझ्न र स्वास्थ्य, सुरक्षा र राम्रो जीवनयापनमा आउनसक्ने सम्भावित समस्याहरुलाई पन्छाउन चाहन्छन् ।

विश्व स्वास्थ्य संगठनहरुको निर्देशिकाअनुसार परियोजना प्रमोटरले समुदायहरुसँग ट्रान्समिसन लाइनको विद्युतीय-चुम्बकीय क्षेत्रको रेडियसनको जोखिमहरुबारेमा उचित संवाद गरेको हुनुपर्दछ ।

हामी प्रभावित समुदायको रुपमा विद्युतीय-चुम्बकीय रेडियसनले स्वास्थ्यमा, विशेषगरी गर्भवती महिला, बालबालिका, पाका व्यक्तिहरुआदि जस्ता जोखिममा रहेकाहरुमा पर्ने दीर्घकालिन असरबाट त्रसित छौँ । स्वास्थ्यसम्बन्धी यस्ता सवालहरुमा गरिने संवादहरुले हाम्रा डरहरु र परियोजनासम्बन्धी सरोकारहरुको सम्बोधन गर्नेछ ।

## १२. निर्माणाधीन अवस्थामा हुने असरहरु

परियोजनाको निर्माणको बखतमा लाइनहरुले पार्ने प्रभावहरुबारेमा हामी राम्रोसँग बुझ्न चाहन्छौ । जस्तै, टावरहरु भएका क्षेत्रहरुमा सडकहरु कहाँ बनाइनेछन् वा भएका सडकहरु कहाँ प्रयोग गरिनेछन् भन्ने बारेमा विस्तृत कुराहरु बुझ्न चाहन्छौँ । अझ, परियोजनाको कार्यान्वयनको चरणहरु र ती परियोजना कहिले र कहाँ शुरु हुनेछन् भन्नेबारेमा पनि राम्रोसँग बुझ्न चाहन्छौँ । निर्माणका प्रभावहरु जस्तै बढेको ध्वनी प्रदुषण, निर्माणबाट निस्किने फोहोरहरुलाई निश्चित क्षेत्रका आधारमा कसरी न्यूनीकरण गरिनेछन् भन्ने विषयमा हामी कुराकानी गर्न चाहन्छौँ ।

## १३. बाह्य कामदारको प्रयोगसम्बन्धि सामाजिक सवालहरु

स्थानीयहरुलाई तालिम दिइ लाइनको खाका बनाउने, निर्माण, सञ्चालन र मर्मतसम्भारको काममा उनीहरु रोजगार बनुन् भन्ने हाम्रो ध्येय हो ।

यद्यपि यो एकरेखिया परियोजना हो, र क्याम्पहरु लाइनको बाटोहरुबाट छिटोछिटो सार्दै अघि बढाइने गरिन्छ । जब बाह्य कामदारहरुको प्रयोग गरिन्छ, त्यसले स्थानीयहरुको स्वास्थ्य र सरसफाईको अवस्थामा र परम्परागत स्थानीय अभ्यास र जनजीवनको तरिकामा तनाब ल्याउन सक्छ । जस्तै, लमजुङका समुदायहरुले आफ्ना क्षेत्रमा बाह्य कामदारहरु भित्रिएको, वेश्यवृत्तिको घटनाहरुबारे धेरै जानकारीहरु पाएको र अघिल्लो जलविद्युत परियोजनाहरुसँगै बाह्य कामदारहरुको आगमनभएपछि एचआइभीका घटनाहरु थपिएकोबारे आफ्ना चिन्ता र चासोहरु जाहेर गरेका थिए ।

त्यसमाथि, लमजुङका समुदायहरुसँग आफ्ना क्षेत्रमा सञ्चालित परियोजनाहरु, खासगरी चिनिया कामदारहरुमार्फत् सञ्चालिन चिनिया परियोजनाहरुसँगको अनुभव दुःखद छ । ती विदेशीहरु खस नेपाली वा अंग्रेजी नबोल्ने हुँदा आपसमा संवादको लागि एकै भाषा नबोल्ने र नबुझिने हुनाले उनीहरुसँग कुराकानी हुन नसक्दा समुदायले आफ्नो सरोकारका विषयहरु उनीहरुसमक्ष उठाउन पाएनन् ।

तीमध्ये केही परियोजनाहरुले समुदायका सदस्यहरुलाई निर्माण र सञ्चालनमा काम गर्ने प्रस्ताव पनि दिए । ती क्षेत्रका चिनिया जलविद्युत परियोजनाहरुले समुदायका सदस्यहरुलाई शोषित प्रकृतिको शर्तहरुमा काम गनुपर्ने कुराहरु राखे ।
यहाँ ध्यान दिनुपर्ने महत्वपूर्ण कुरा, समुदायहरु अदक्ष कामकाज मात्रै खोजिराखेका छैनन् । अर्ध दक्ष र दक्ष कामहरुसमेत खोजीरहेका छन् । अझ, स्थानीयहरुलाई अर्धदक्ष वा दक्ष कामकाजको लागि सीप विकास गरिनु उपयोगी हुनेछ ।

## १४. लैंगिकतासम्बन्धी असरहरु

बाहिरबाट कामदारहरु ल्याइदा धेरैजसो पुरुषहरु नै हुने गर्छन् । त्यसले सम्बन्धित क्षेत्रका महिलाहरुमाथि लैंगिक असरहरु सिर्जना गर्छ । तर, बाह्य कामदारहरुसँग सम्बन्धित अन्य थप लैंगिक असरहरु पनि हुने गर्छन् ।

युगान्डामा रहेको नर्वेको प्रसारण क्षेत्र समन्वयको एउटा अंगको रुपमा लैंगिकतासम्बन्धी केही विश्लेषण छन् । अफ्रिकाबाट गरिएको अध्ययन भएपनि विकासोन्मुख देशहरुमा त्यो सान्दर्भिक हुनसक्छ । त्यसको लेखक, नोराडले नेपाल उर्जा विस्तार प्रणालीसम्बन्धी परियोजनाको समेत सहलगानीकर्ता बन्न सक्छ । नोराडको अध्ययनमा भेटिएको छ:

> प्रसारण लाईनको निर्माणले महिला र पुरुषमा फरक फरक नकारात्मक प्रभावहरु पार्न सक्छ । उदाहरणको लागि, सामान्यत जग्गाको लागि दिइने क्षतिपूर्ति पुरुषलाई दिइन्छ, जसले युगान्डामा ९४ प्रतिशत जग्गाको स्वामित्व ग्रहण गरेको हुन्छ । जबकी महिलाहरु धेरैजसो खेतीपाती गर्न, सफा पिउने पानी उपलब्ध गराउन र दाउराहरु उपलब्ध गराउनको लागि जिम्मेवार हुन्छन् । निर्माण कार्यमा संलग्न समूहका पुरुष कामदारहरुको प्रभाव र एचआइभी/एड्सको संक्रमणले महिलाहरुलाई अति जोखिमयुक्त समूहको रुपमा प्रभावित गर्ने गर्दछ । निर्माण परियोजनाहरुमा महिलाहरुका लागि एकदमै थोरै स्थानीय अवसरहरु हुने गर्छन्, जुन प्रसारण निर्माणको स्थानीय लाभहरुको एउटा प्रमुख भाग हो ।

एउटा महत्वपूर्ण कुरा, परिवारका धेरै पुरुष सदस्यहरु देशबाहिर रहँदै आएको हुँदा महिलाहरुले प्रभावकारी ढंगले आफ्नो घरबार सम्हालेका छन् । यद्यपि उनीहरुसँग भएका सम्पत्तिहरुको कागजी वा कानूनी घरमूलीको रुपमा उनीहरु रहेका छैनन् । यस्तोमा लमजुङको सन्दर्भमा कहिलेकाही लैंगिक प्रभावहरु जटिल हुने गरेका छन् ।

नोराडको अध्ययनले दिएको सुझाव नेपालको हकमा पनि उपयोगी हुनसक्छ । हामीले नोराडको अध्ययनबाट पाएको सुझावहरुलाई नेपाली सन्दर्भमा परिमार्जन गरी निम्न प्रकार अघि सारेका छौँ:

- नेपाल उर्जा विस्तार प्रणालीसम्बन्धी परियोजनाकमा लैंगिक सवालको मूलप्रवाहीकरणसम्बन्धी सुझावहरु:
  - महिला (ट्रान्सजेन्डर महिलासहित)हरुका लागि सूचना आदानप्रदानमा समर्पित र संवादको लागि उर्जा क्षेत्रको एजेन्सीमा जेन्डर फोकल प्वइन्टको स्थापना गरिनुपर्छ । परियोजना अधिकारीहरुले महिला तथा महिला समूहहरुसँग बेग्लाबेग्लै सूचना आदानप्रदान गर्ने, परामर्श गर्ने र सहमति खोज्ने काम गर्नुपर्छ । उनीहरुले विशेषगरी पाका महिला, अपाङ्गता भएका महिला, आदिवास जनजाति महिला, दलित महिला, घरमूलीको रुपमा रहेका महिला, र युवा महिलाहरुलाई प्रयत्क्षय संलग्न गराउने प्रयत्न गर्नुपर्छ ।
  - विशेष लैंगिकताकेन्द्री हस्तक्षेपहरु- बजेट विनियोजनहरुमासमेत-मार्फत् जीविकोपार्जन, तालिम, सुरक्षा चक्रहरु, स्वास्थ्य र कानुनी संवेदनशीलताहरुमा सहयोग पुर्‍याउन सकिनेछ ।
  - परियोजनाले आफ्ना प्रारम्भिक मूल्याङ्कन र आँकलनका योजनाहरुमा सामुदायिक विकासका क्रियाकलापहरुमा, स्थानीय रोजगारीका अवसरहरुमा र क्षतिपूर्तिका योजनाहरुमा महिलाहरुको सहभागिताको सुनिश्चि गर्नुपर्छ ।
  - लैंगिकतासम्बन्धी विचारहरु र लैंगिक संवेदनशील व्यवहार मापनहरुलाई परियोजना अनुगमन र मूल्याङ्कनको रणनीति र फ्रेमवर्कहरुमा समावेश गर्न सकिन्छ ।
- नेपाल विद्युत प्राधिकरण र जलविद्युत क्षेत्र कम्पनीहरुमा लैंगिक सवालहरुको मूलप्रवाहीकरणसम्बन्धी सुझावहरु:

- ○ नेपाल विद्युत प्राधिकरण र जलविद्युत क्षेत्रका कम्पनीहरुको व्यवस्थापन र बोर्ड अफ डिरेक्टर्सहरुलाई लैंगिक सवालहरुमा संवेदनशील बनाउने,
- ○ नेपाल विद्युत प्राधिकरण र जलविद्युत क्षेत्रका कम्पनीहरुलाई लैंगिक संवेदनशील मानव संशासनहरु र कर्मचारी विकास नीतिहरुमा उद्योगहरुमा महिलाको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- ○ परियोजना अधिकृत, अभ्यासकर्ता र मूल्याङ्ककर्ताहरुका लागि विशेष लैंगिक तालिम वा लैंगिक प्रतिवद्धतासहित गुणस्तर नियन्त्रण र अनुपालनको अनुगमन गर्ने,
- ○ प्रभाव अनुगमन संकेतक निर्धारण गर्ने र लैंगिक कार्यात्मक संकेतक र संस्थागत क्षमता दुबैको लागि अनुगमन संयन्त्र स्थापना गर्ने

## १५. प्रभावित समुदायहरुका लागि चालिएका कदमहरु

नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजना र लमजुङमा रहेको सम्बन्धित जलविद्युत सेक्टर डेभलपमेन्टमा आएको थोरै ठोस परिवर्तनहरुसँगै स्थानीय स्तरमा हामी हाम्रा सवालहरुलाई उठाइरहेका छौँ । नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाका लागि यूरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरणको योजनाहरुबारे बुझेपछि हामीले क्रमिक रुपमा केही कदमहरु चालेका थियौं । जुन यसप्रकार रहेका छन्:

- सन् २०१७ को अन्त्यतिर सामुदायका नेतृत्व पंक्तिहरु र नेपाल विद्युत प्राधिकरणका निर्देशक श्री कूलमान घिसिङबिच भेट गरियो । घिसिङले २२० के.भि. मर्स्याङ कोरिडोरलाई १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनलाई दिइएको क्षतिपूर्तिभन्दा बढी दिने नेपाल विद्युत प्राधिकरणले योजना बनाएको कुरातर्फ इंगित गरेका थिए । उनले हाकाहाकी २५% सुझाएका थिए, तर हामीले शतप्रतिशतको मागलाई दोहोऱ्याएका थियौं ।
- मार्च ३, २०१८ मा एफपिक र अधिकार मञ्चले जिल्ला प्रशासन कार्यलय, उर्जा मन्त्रालय, वातावरण मन्त्रालय र विभिन्न जलविद्युत र ट्रान्समिसन लाइन परियोजनाहरुमा समेत भिन्नभिन्न सरोकारवालाहरुको २४ बुँदे मागहरु बुझाएका थियौं ।
- मार्च २३, २०१८ मा स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरी र अधिकारवादी मञ्चले स्थानीयवासीहरुको स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरी सुनिश्चित गरिसकेपछि मात्रै जलविद्युत सेक्टर परियोजनाहरु लमजुङ जिल्लामा सञ्चालन गर्ने माग राखेर लमजुङको बेसीसहरमा सार्वजनिक प्रदर्शन गरेका थियौं ।
- अप्रिल ११, २०१८ मा प्रभावित समुदायका प्रतिनिधिहरुले नेपाल विद्युत प्राधिकरणका निर्देशक श्री कूलमान घिसिङसँग भेट गरे ।
- जुन २१, २०१८ मा समुदायका प्रतिनिधिहरुले लमजुङ जिल्ला प्रशासन कार्यलयका प्रमुख जिल्ला अधिकारीसँग १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिटर लाइनसम्बन्धी सवालबारे बैठक बसे ।
- जुलाइ १, २०१८ मा समुदायका प्रतिनिधिहरुले ट्रान्समिसन लाइनहरुमा काम गर्ने नेपाल विद्युत प्राधिकरणको वातावरणीय तथा सामाजिक विभागका अधिकारीहरुसँग छलफल गरे ।
- फरक फरक समयहरुमा समुदायका सदस्यहरुहरुले संसद सदस्यहरु र सरकारका विभिन्न तहहरु र सम्बन्धित राजनीतिक दलहरुका प्रतिनिधिहरुसमक्ष आफ्ना सवालहरु उठाएका थिए । राजनीतिक दलका निम्न नेताहरुसमक्ष आफ्ना सवालहरु राखिएका थिए:

- जनार्दन शर्मा, पूर्व मन्त्री, उर्जा
- देव गुरुङ, पूर्व मन्त्री, कानून तथा न्याय एवं पूर्व सदस्य, संविधानसभा,
- भिष्म अधिकार,  पूर्व संसद,
- चन्द्र बहादुर कुँवर, पूर्व संसद,
- दिल बहादुर घर्ती, पूर्व संसद,
- जमिन्द्रमान घले, पूर्व संसद,
- लालबहादुर गुरुङ, पूर्व संसद,
- महेन्द्र बहादुर शाही, मुख्यमन्त्री, प्रदेश नम्बर ६ एवं पूर्व मन्त्री, उर्जा,
- पृथ्वी सुब्बा गुरुङ, मुख्यमन्त्री, प्रदेश नम्बर ४,
- धनञ्जय दवाडी, प्रदेशसभा संसद, प्रदेश नम्बर ४,
- मधु अधिकारी, प्रदेशसभा संसद, प्रदेश नम्बर ४,
- महनाथ अधिकारी, प्रदेशसभा संसद, प्रदेश नम्बर ४,
- सिंहबहादुर थापा, मेयर, रैनास महानगरपालिका, र,

- भेष बहादुर पौडेल, जिल्ला नेता, नेसनल कंग्रेस पार्टी,थप, संसदहरु राजेन्द्र श्रेष्ठ, रेणुका गुरुङ र उमा शंकरलगायतले संघीय संसदहरुमा सवालहरु उठाएका थिए,
- समुदायका प्रतिनिधिहरुलेनेपालका अधिकारीहरुको हिंसाको अनुसन्धान आयोगमा १३२ के.भि. भूलभूले मध्य-मर्स्याङदी ट्रान्समिसन लाइनमा वातावरणीय एवं सामाजिक प्रभाव न्यूनीकरण कार्यक्रम र समुदायस्तरको लाभ दिने सन्दर्भमा भ्रष्टाचारको सम्भावनाको रहेको अनुभव गरेकोबारे गुनासो गरेका थिए ।
- अगष्ट ९, २०१८ मा स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरी र अधिकारवादी मञ्चद्वारा सहायता प्रदान गरिइएका संगठनहरु र प्रतिनिधिहरु, नेपालका आदिवासी जनजातिहरुको कानुनी अधिकारसम्बन्धी वकिल समूह र एकाउण्टिबिलिटी काउन्सेलले यूरोपियन इन्भेष्टमेन्ट बैंकको मर्स्याङदी कोरिडोरको योजना, खाका र कार्यान्वयनमा रहेका ग्यापहरु र त्यसले वातावरणीय तथा सामाजिक दस्तावेजीकरणमा रहेका ग्यापहरुसहित अन्तर्राष्ट्रिय र घरेलु कानूनहरु अवलम्बन गर्न नसकेको सम्बन्धमा यूरोपियन इन्भेष्टमेन्ट बैंकलाई पत्र पठाइयो । हाम्रा सल्लाहकारहरुले उदीपुर-मार्कीचोक-भरतपुर सेगमेन्टको २२० केभि मर्स्याङ्दी कोरिडोरको लागि ELAW को प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन समेत संलग्न गरेर यूरोपियन इन्भेष्टमेन्ट बैंकलाई अगष्ट ९, २०१८मा इमेलमार्फत् पठाइयो । श्री डानल क्याननले तुरुन्तै प्राप्त गरेको जवाफ पठाएका थिए । यूरोपियन इन्भेष्टमेन्ट बैंकको नागरिक समाज विभागले सेप्टेम्बर १२, २०१८ मा फलो अप इमेल पठायो । हाम्रा सल्लाहकारहरुले यूरोपियन इन्भेष्टमेन्ट बैंकको प्रतिक्रियाहरुबारे हामीसँग छलफल समेत गरेका थिए । र अक्टुबर ५, २०१८ मा जवाफ पनि पठाइएको थियो । यूरोपियन इन्भेष्टमेन्ट बैंक र समुदायका सल्लाहकारहरुबीच आदानप्रदान भएका पत्र र सबै फलोअपहरु अगष्ट ८ मा उजुरी सुन्ने निकायलाई पनि उक्त इमेल पठाइएको र त्यसमा ELAW को विद्युतीय प्रति समेत संलग्न थियो । यी डकुमेन्टहरु र पत्राचारहरुलाई यस उजुरीको अंशको रुपमा र यसको दस्तावेजीकरणको रुपमा लिनुपर्दछ ।

## ७. प्रतिशोध नलिइने

हामी यूरोपियन इन्भेष्टमेन्ट बैंक र उजुरी सुन्ने निकायलाई  उजुरी सुन्ने निकायको अहिलेको नीतिअनुरुप उजुरीहरुलाई कुनैपनि हिसाबले नकार्ने, शोषण गर्ने वा उजुरी गर्ने अधिकारको अभ्यास गरेको तथ्यको आधारमा कुनैपनि खालको विभेद हुन नदिने कुराको सुनिश्चित गर्न अनुरोध गर्दछौं ।

लमजुङका प्रभावित समुदायहरुलाई स्थानीय अधिकारहरुले परियोजनाको सम्बन्धमा पहिल्यै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धम्क्याएका वा अलग्याएका छन् । एफपिक र अधिकार मञ्चको नेतृत्वहरुलाई पनि धम्क्याइएको र समुदायलाई उकासेको गलत आरोप लगाएका थिए । एउटा घटना प्रसंग, जिल्ला प्रशासन अधिकृतले हामीलाई थुनेर वा कुनैपनि प्रकारले परियोजनाको लागि जग्गा पाइछाड्ने कुरा भनेका थिए । हामीले उनको शासकीय आधिकारिकताको कानूनी प्रावधानहरु उदृत गर्दै उसको काम जिल्लालाई अभिभाकत्व प्रदान गर्ने हो तर उनले हाम्रो जग्गा जसरी पनि लिने कुरा गरेकोमा सम्झायौं । अर्को त्यस्तै घटना, प्रहरीहरु परियोजनाका कर्मचारीको रुपमा समुदायहरुभित्र घुम्ने गर्दथे, जुन समुदायहरुलाई असहज महशुश गराउने प्रयत्न थियो ।

राष्ट्रिय तथा सामुदायिक तहमा, विकाससम्बन्धी सरोकारलाई समुदायको आवाजको रुपमा उठाउँदै आएकाहरुले प्रहरीको हिंसा भोग्ने, झूठा अपराधिक आरोप खेप्ने, रातभर थुनिनुपर्ने र अन्य धम्कीहरुको सामना गर्नुपरेको छ । जस्तै, वर्ल्ड बैंकको लगानीमा २२० के.भि. खिम्ची ढल्केवर ट्रान्समिसन लाइनलाई सशस्त्र प्रहरी बलको उपस्थितिमा सम्पन्न गरिएको थियो । त्यस्तो अवस्थामा समुदायका सदस्यहरुको शान्तपूर्वक प्रदर्शनलाई बारम्बार प्रहरी हिंसाको विषय बनाइएको थियो । समुदायका सदस्यहरुलाई दुईपटक रातभर थुनिएको र अपराधी करार गर्दै धम्काइएका, परियोजनामा आफ्नै विरुद्धमा रचिएको कागजातमा हस्ताक्षर गर्न सहमत नभएसम्म उनीहरुलाई थप हिरासतमा राखिएका थिए ।त्यस्तै, काठमाडौं सडक विस्तारको बेलामा परियोजनाले पर्याप्त क्षतिपूर्ति बिना नै उनीहरुको पूर्ख्यौली सम्पत्तिहरु लिएको कुरामा सरोकार राख्ने प्रदर्शनकारीहरुलाई तितरबितर पार्न प्रहरीहरुले पानीका फोहोराहरु र अश्रु ग्याँसहरुको प्रयोग गरिएको थियो ।

हिंसाका यी उदाहरण दिएपछि, हामी सरकारको उर्जा मन्त्रालयको उर्जा संकट न्यूनीकरण योजनामा भनिएको कुरामा सरोकार राख्छौं । उक्त योजनामा “यदि (कम्पनीले) खर्च व्यहोर्नेगरि कुनै विद्युतीय क्षेत्र परियोजनाले नेपाल सरकारसँग सुरक्षा उपलब्ध गराउने माग राखेमा सरकारले त्यसको लागि नेपाली प्रहरी वा सशस्त्र प्रहरी बल खटाउन सक्नेछ ।”
यूरोपियन इन्भेष्टमेन्ट बैंक र उजुरी दिने निकायलाई हामीले परियोजनाबारेमा आवाज उठाएको र उजुरी गर्ने अधिकारको अभ्यास गरेको तथ्यको आधारमा हामीमाथि कुनैपनि खालको विभेद वा शोषण र उजुरीहरुको सुनुवाई नगरिने अवस्था नरहने कुराको सुनिश्चित गरेर व्यवहारिक अप्रोचको विकास गर्नको लागि मर्स्याङदी कोरिडोरका प्रभावित समुदायहरुसँग परामर्श गर्न अनुरोध गर्दछौं ।

# ८. यूरोपियन इन्भेष्टमेन्ट बैंकद्वारा अनुरोध गरिएका समाधानहरु

हामी उजुरीकर्ताहरु यो अनुरोध गर्दछौं, समुदायहरु, परियोजना अधिकारीहरु, र अरु सरोकारवालाहरुबीचमा समाधानको सहजीकरण गर्नको लागि उजुरी दिने संयन्त्रले आफ्ना राम्रा कार्यालयहरुको प्रयोग गरोस् । त्यस्तो प्रक्रियाले उजुरीहरुमा उठाइएका सवालहरु सम्बोधन गर्ने यूरोपियन इन्भेष्टमेन्ट बैंकको कदमले नजिता ल्याउँने आशा गर्दछौ ।

यूरोपियन इन्भेष्टमेन्ट बैंकले स्वतन्त्र, पूर्वसूसुचित जानकारीसहितको मञ्जुरीको प्रक्रिया स्थापित नगरुन्जेलसम्म र नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाबाट प्रभावितहरुको आवश्यकता र

अधिकारहरुलाई प्राथमिकतामा नराखेसम्म आफ्ना ग्राहकहरुलाई निर्माण योजनाहरु रोक्नको लागि मनाउनुपर्दछ । एफपिक प्रक्रियाले स्थानीय प्रभावित समुदायहरुलाई पर्याप्त सूचनाको खुलासा र पहुँचयोग्य तवरमा परामर्श उपलब्ध गराउनुपर्दछ । उनीहरुलाई प्रभाव पार्ने निर्णयहरु र जसमा उनीहरुको सरोकारहरु रहेका हुन्छन्, मा सामुदायिक सहभागिता गर्ने स्विकृति दिनुपर्छ । अझ, त्यस्तो प्रक्रियाको एउटा नतिजाको रुपमा समुदायहरुमा व्यक्तिगत तथा सामूहिक तहमा उचित लाभको बाँडफाँड गर्नु हुनेछ । २२० के.भि. मर्स्याङदी कोरिडोर र बाँकी रहेका नेपाल उर्जा प्रणाली विस्तारसम्बन्धी परियोजनाहरुले नेपाली कानून, अन्तर्राष्ट्रिय कानून र यूरोपियन इन्भेष्टमेन्ट बैंकको नीतिहरुको पूर्ण पालना गर्नैपर्दछ ।

अन्तमा, यी कदमहरु चालिएको खण्डमा, सबै बेसलाइन अध्ययन र भावी अनुगमन प्रतिवेदनहरु पूर्ण पारदर्शी र प्रभावित समुदायहरुको सहभागितामा गरिनुपर्ने र त्यसको नतिजाहरु सार्वजनिक गरिनुपर्ने अनुरोध गर्दछौ ।

# ९. सम्पर्क र सल्लाहको लागि विस्तृत जानकारी

यो उजुरी ड्राफ्ट गर्नको लागि सहयोग गर्ने संस्थाहरु निम्न छन्:

- नेपालका आदिवासी जनजातिहरुको कानूनी अधिकारसम्बन्धी वकिल समूहः यो आदिवासी जनजाति वकिलहरुको काठमाडौं नेपालमा केन्द्रित नागरिक समाजको संस्था हो । यसले निशूल्क कानूनी सेवा प्रदान गर्ने र नेपालका आदिवासी जनजातिहरुको मानव अधिकारको परिभाषा गर्ने, तिनको संरक्षण र सम्बर्द्धनमा काम गर्दछ ।
- एबिलिटी काउन्सेलः यो संयुक्त राज्य अमेरिकाकेन्द्रित एक गैरनाफामुखी, कानूनी गैरसरकारी संस्था हो । अन्तर्राष्ट्रिय वित्तिय निकायमा भएका गैर न्यायिक गुनासो सुन्ने निकायहरुमा अन्तर्राष्ट्रिय वित्तिय निकायहरुको आर्थिक सहयोगमा सञ्चालित परियोजनाले सृजना गरेको वातावरणीय र सामाजिक असरहरुसम्बन्धी गुनासाहरुको सम्बोधन गर्न एकाउन्टिविलिटी काउन्सेलमा संलग्न वकिलहरुले समुदायलाई सहयोग गर्दछन् ।

उजुरी गर्ने संयन्त्रको प्रक्रियाहरु, कुनैपनि खालको सहजीकरण र अरु प्रक्रियाहरु,को बखत हामी उनीहरुसँग सहयोग माग्ने गर्दछौं ।

उजुरीसम्बन्धी औपचारिक कुराकानीहरु खस नेपाली वा अंग्रेजी भाषामा पठाउनुपर्नेछ । जहाँ सम्भावित सार संक्षेपहरु गुरुङ भाषामा पनि उपलब्ध गराउन सकिनेछ । त्यसमाथि, लिखित रुपमा मात्रै उपलब्ध गराउनु पर्याप्त हुनेछैन । यो उजुरीको मुख्य सामग्री र अनुरोध मध्यस्थताको लागि रहेकोले हामी तपाईलाई लमजुङका प्रभावित समुदायहरु र हामीहरुसँग व्यक्तिपिच्छे सूचना आदानप्रदानको सेसन गर्न आग्रह गर्दछौं ।

कम अनौपचारिक कुराकानीको लागि, सहज र छरितो ढंगमा प्रतिक्रियाहरु सहजीकरण गर्नको लागि, उजुरीकर्ताहरुको उजुरीबारे उजुरी गर्ने संयन्त्रसँग अंग्रेजीमा सिधै कुराकानी गर्नको लागि नेपालका आदिवासी जनजातिहरुको कानूनी अधिकारसम्बन्धी वकिल समूह र एकाउन्टेविलिटी काउन्सेलका परामर्शदाताहरु, जो विकासका सबै कुराहरुमा हामीलाई जानकारी दिइरहने काममा समर्पित छन्, लाई अनुमति दिनुहोस् ।

कृपाया, तपाईसँग कुनैपनि खालका जिज्ञासाहरु छन् भने निर्धक्कसँग हामीलाई भन्नुहोस् । त्यसको लागि शंकर लिम्बु (shankar1database@gmail.com) र सिद्धार्थ अकाली (siddharth@accountabilitycounsel.org)लाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुका कुराहरु सुन्ने अपेक्षामा छौँ ।

भवदीय,

| | |
|---|---|
| खेम जंग | चन्द्र मिश्र |
| अध्यक्ष | सचिव |
| एफपिक र अधिकारवादी मञ्च | एफपिक र अधिकारवादी मञ्च |
| लमजुङ जिल्ला | लमजुङ जिल्ला |
| नेपाल | नेपाल |